# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यक्रमसँगको सहकार्य

## नागरिक समाजका लागि हातेपुस्तक



# संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यक्रमसँगको सहकार्य

# नागरिक समाजका लागि हातेपुस्तक

न्युयोर्क तथा जेनेभा, २००८

United Nations Human Rights

OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

# भूमिका

यस *हातेपुस्तक*का लागि भूमिका लेख्ने कार्य मानवअधिकार उच्चायुक्तको रूपमा मैले गरेका सुरुका कामहरूमध्ये एक हो। मलाई लाग्छ यो कार्य सुहाउँदो छ। मैले आफ्नो जीवनवृत्तिभरि दरोसँग पक्डेर राखेको वस्तु अर्थात् नागरिक समाजको रूपान्तरणकारी क्षमतामाथिको विश्वासलाई आफ्नो नयाँ हैसियतमा जोड दिन यसले मलाई प्रारम्भिक अवसर प्रदान गरेको छ। वास्तवमा, अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डहरूको विकास, तिनको वकालती तथा यस *हातेपुस्तक*मा छलफल गरिएका मानवअधिकार संयन्त्रहरूको सञ्चालनमा नागरिक समाजले पुऱ्याएको योगदानलाई कसैले पनि कम आँक्न सक्दैन। आज नागरिक समाजका विचारहरू, व्यावहारिक ज्ञान र विद्वता सबैका लागि न्याय र समानताको खोजिमा जति महत्त्वपूर्ण छन् त्यति नै मानवअधिकार आन्दोलनका लागि पनि महत्त्वपूर्ण छन्।

वास्तवमा, साझा उद्देश्यहरूलाई बलियो बनाउने, आपसी सरोकारहरूलाई सम्बोधन गर्न मद्दत गर्ने र मुख्यालय तथा फिल्ड दुवैमा मेरो कार्यालयका मिसन र पहलहरूलाई सहयोग गर्ने हुनाले नागरिक समाजसँग मेरो कार्यालयको सहकार्य रणनीतिक प्राथमिकता रहेको छ।

मानवअधिकार सन्धि निकाय तथा विशेष कार्यदिशवाहकहरू जस्ता लामो समयदेखि स्थापित मानवअधिकार संयन्त्रहरूका स्वतन्त्र विज्ञका कामलाई नागरिक समाजका पात्रहरूको योगदानले समृद्ध पनि बनाएको छ। मानवअधिकार आयोगलाई प्रतिस्थापन गर्नेगरी सन् २००६ मा स्थापित नयाँ अन्तरसरकारी निकाय मानवअधिकार परिषद्को सञ्चालनमा पनि तिनको महत्त्व र ज्ञानको प्रयोग गरिएको छ भन्ने कुरा पनि अत्यन्त महत्त्वपूर्ण छ।

मानवअधिकार रक्षक, गैरसरकारी सङ्गठन तथा नागरिक समाजका अन्य सबै सरोकारवालाहरू विभिन्न तरिकाले मानवअधिकारसम्बन्धी आफ्ना कार्यहरू गर्दछन्: उनीहरू सूचना बाँडछन्, मानवअधिकारको वकालत तथा त्यसको कार्यान्वयनको सावाधानीपूर्वक अध्ययन गर्छन, उल्लङ्घनहरूबारे रिपोर्ट गर्नुका साथै दुर्व्यवहारका पीडितहरूलाई सघाउँछन् तथा मानवअधिकारसम्बन्धी नयाँ मापदण्डहरूको विकासका निम्ति अभियान चलाउँछन्। उनीहरूले सो कार्य आफ्ना समुदाय र क्षेत्रहरूको नाडी छामेर गर्छन्। अन्यथा अन्तर्राष्ट्रिय मानवअधिकार मञ्च तथा संयन्त्रहरूलगायत पीडितको पहुँचबाहिर हुनसक्ने ठाउँहरूमा शक्तिहीनलाई उनीहरू आवाज दिन्छन्। राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूको कार्यशैलीलाई नागरिक समाजका पात्रहरूले गहिरोसँग बुझ्न तथा त्यसमा पारङ्गत हुन आवश्यक छ भन्ने कुरा स्पष्ट छ। यस *हातेपुस्तक*ले यस्तो कठिन प्रयासलाई सहज बनाउने लक्ष्य राखेको छ।

अन्त्यमा, यस *हातेपुस्तक*को विमोचन र मानवअधिकारको विश्वव्यापी घोषणापत्रको ६०औं वार्षिकोत्सवको समारोह संयोगवस एकै समयमा परेको छ। घोषणापत्रमा समाहित सबैका लागि न्याय, मर्यादा तथा मानवअधिकारको वाचाहरू पूर्ण रूपमा पूरा हुन अझै बाँकी छन्।

विश्वव्यापी घोषणापत्रका सिद्धान्तहरूलाई हामीले सेवा पुऱ्याउने विभिन्न समुदायहरूका निम्ति फलदायी बनाउन हामीले अनवरत प्रयास गर्नैपर्छ। यो *हातेपुस्तक* नागरिक समाजका पात्रहरूको संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीको बुझाइ तथा त्यहाँसम्मको पहुँचलाई सहज बनाउन प्रयोग गरिने छ भन्ने मैले आशा गरेकी छु। मानवअधिकार, मर्यादा र समानतालाई विश्वव्यापी यथार्थ बनाउने हाम्रो संयुक्त प्रयासमा यो एउटा सामान्य तर महत्त्वपूर्ण स्रोत हो।

नवनिथम पिल्ले
संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त

# विषयसूची


भूमिका

अग्रनाम र सङ्क्षेप

परिचय

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको परिचय......................................९

उच्चायुक्तको कार्यालयको शिक्षावृत्ति तथा तालिम कार्यक्रम................................................

उच्चायुक्तको कार्यालयका प्रकाशन तथा स्रोत सामग्रीहरू.....................................................

मानवअधिकार सन्धि निकायहरू........................................................................

मानवअधिकार परिषद्...............................................................................

विशेष कार्यदिशवाहक...............................................................................

विश्वयव्यापी आवधिक समीक्षा........................................................................

आरोपित मानवअधिकार उल्लङ्घनबारे उजुरीहरू पेस गर्ने कार्य...........................................

कोष तथा अनुदान.....................................................................................२९

# अग्रनाम तथा सङ्क्षेप

| | |
|---|---|
| एसीटी | "समुदायलाई संयुक्तरूपमा सहायता गर्ने" आयोजना |
| क्याट | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायसम्बन्धी महासन्धि |
| सिड्अ | महिलाविरुद्ध सबै प्रकारका भेदभावहरूको उन्मूलनसम्बन्धी महासन्धि |
| सीआरसी | बालअधिकार महासन्धि |
| इकोसोक | आर्थिक तथा सामाजिक परिषद् |
| आईसीसीपीआर | नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि |
| इसर्ड | सबै प्रकारका जातीय भेदभावको अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि |
| आईसीईएससीआर | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि |
| आईसीआरएमडब्लु | सबै आप्रवासी कामदार तथा तिनका परिवारका सदस्यका अधिकारहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि |
| एलडीसी | अति कम विकसित देशहरू |
| एनजीओ | गैरसरकारी सङ्गठन |
| एनएचआरआई | राष्ट्रिय मानवअधिकारसम्बन्धी संस्थाहरू |
| ओएचसीएचआर | संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय |
| ओपक्याट | यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यावहार वा सजायसम्बन्धी महासन्धिको ऐच्छिक सन्धिपत्र |
| यूएनडीईफ | संयुक्त राष्ट्रसङ्घीय लोकतन्त्र कोष |
| यूएनडीपी | संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम |
| युनेस्को | संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक सङ्गठन |
| युनिटार | तालिम तथा अनुसन्धानका लागि संयुक्त राष्ट्रसङ्घीय संस्था |
| यूपीआर | विश्वव्यापी आवधिक समीक्षा |

# परिचय

## *हातेपुस्तक*का बारेमा

यो *संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यक्रमसँगको सहकार्य: नागरिक समाजका लागि हातेपुस्तक* प्रत्येक दिन विश्वको प्रत्येक भागमा मानवअधिकारको प्रवर्द्धन, संरक्षण र प्रगतिका निम्ति योगदान पुऱ्याउने नागरिक समाजका पात्रहरूलाई सम्बोधन गरिएको छ।

यस *हातेपुस्तक*को पहिलो संस्करण – *संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयसँग कार्य गर्दा: गैससका लागि हातेपुस्तक* (२००६) – का प्रयोगकर्ताहरूबीच गरिएको एक सर्वेक्षणपश्चात् तयार गरिएको यस विस्तृत रूपमा अद्यावधिक र संशोधित दोस्रो संस्करणले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार निकाय तथा संयन्त्रहरूलाई आफ्नो केन्द्रमा राखेको छ। गैर-सरकारी सङ्गठनलगायत नागरिक समाजका सबै पात्रहरूलाई सम्बोधन गर्दै यस *हातेपुस्तक*ले नागरिक समाज विभिन्न संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार निकाय तथा संयन्त्रहरूसँग कसरी संलग्न हुन सक्छ भन्ने कुराको जानकारी दिन्छ। यस *हातेपुस्तक*ले अझ बढी मानिसहरूलाई मानवअधिकार उपभोग गर्न र यी निकाय तथा संयन्त्रहरूको माध्यमबाट आफ्ना मानवअधिकारमा दाबी कायम गर्न सक्षम तुल्याउनेछ भन्ने संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय)ले आशा गरेको छ।

## नागरिक समाजका पात्र को हुन्?

यस *हातेपुस्तक*को प्रयोजनका निम्ति, नागरिक समाजका पात्रहरू भनेका संयुक्त राष्ट्रसङ्घका लक्ष्यसँग मिल्ने साझा हित, उद्देश्य वा मूल्यको सेरोफेरोमा विभिन्न प्रकारका सार्वजनिक सहभागिता तथा कार्यहरूमा स्वैच्छिक रूपले संलग्न हुने व्यक्तिहरू हुन्। यस *हातेपुस्तक*ले विश्वव्यापी मानवअधिकारको प्रवर्द्धन र संरक्षणसँग सम्बन्धित नागरिक समाजका पात्रहरूलाई सम्बोधन गर्दछ, उदाहरणार्थ:

- मानवअधिकार रक्षकहरू;
- मानवअधिकार सङ्गठनहरू (गैसस, सङ्घसंस्था, पीडित समूह);
- मुद्दामा आधारित सम्बद्ध सङ्गठनहरू;
- गठबन्धन तथा सञ्जालहरू (महिला अधिकार, बालअधिकार, वातावरणीय अधिकार);
- अपाङ्गता भएका व्यक्ति तथा तिनका प्रतिनिधि सङ्गठनहरू;
- समुदायमा आधारित समूहहरू (आदिवासी जनजाति, अल्पसङ्ख्यक);
- आस्थामा आधारित समूहहरू (गिर्जाघर, धार्मिक समूह);
- युनियनहरू (ट्रेड युनियन एवं पत्रकार सङ्घ, बार एसोसिएसन, म्याजिस्ट्रेट एसोसिएसन तथा विद्यार्थी युनियन जस्ता पेसागत सङ्घहरू);

- सामाजिक आन्दोलनहरू (शान्ति आन्दोलन, विद्यार्थी आन्दोलन, लोकतान्त्रिक आन्दोलन);
- मानवअधिकारको उपभोगमा प्रत्यक्ष योगदान पु¥याउने पेसाकर्मीहरू (मानवीय कार्यकर्ता, वकिल, चिकित्सक तथा स्वास्थ्य कार्यकर्ताहरू);
- पीडितका आफन्त; र
- मानवअधिकारको प्रवर्द्धन गर्ने लक्ष्य लिएका गतिविधिहरू सञ्चालन गर्ने सार्वजनिक संस्थाहरू (विद्यालय, विश्वविद्यालय, अनुसन्धान निकायहरू)।

स्वतन्त्रपूर्वक कार्य गर्न सक्षम र मानवअधिकारसम्बन्धी ज्ञान तथा सीप भएको सशक्त र स्वायत्त नागरिक समाज राष्ट्रिय तहमा दिगो मानवअधिकार संरक्षण प्राप्त गर्ने कार्यमा एउटा प्रमुख तत्त्व हो। तसर्थ, नागरिक समाजका पात्रहरू संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार प्रणालीका अत्यावश्यक साझेदारहरू हुन्।

मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणमा महत्त्वपूर्ण योगदानकर्ता भए तापनि (एनएचआरआई)लाई यस *हातेपुस्तक*मा सम्बोधन गरिएको छैन। राष्ट्रिय मानवअधिकार संस्थासम्बन्धी जानकारी तथा स्रोतहरू उच्चायुक्तको कार्यालयको वेबसाइटमा उपलब्ध छन्। पाठकहरूले उच्चायुक्तको कार्यालयको राष्ट्रिय संस्थासम्बन्धी शाखासँग niu@ohchr.org मा पनि सम्पर्क गर्न सक्नुहुन्छ।

## *हातेपुस्तक*मा रहेका विषयवस्तु

यो *हातेपुस्तक* उच्चायुक्तको कार्यालयको परिचय (परिच्छेद १), यसका शिक्षावृत्ति तथा तालिम कार्यक्रम (परिच्छेद २), र यसका प्रकाशन तथा स्रोत सामग्री (परिच्छेद ३)बाट सुरु हुन्छ। त्यसपछि यसले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार निकाय तथा संयन्त्रहरू र तिनलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरालाई सम्बोधन गर्दछ। ती हुन्ः

- मानवअधिकार सन्धि निकाय (परिच्छेद ४);
- मानवअधिकार परिषद् र यसका सल्लाहकार समिति, सामाजिक मञ्च, अल्पसङ्ख्यकका मुद्दासम्बन्धी मञ्च, आदिवासी जनजातिका अधिकारसम्बन्धी विशेषज्ञ संयन्त्र, विकासको अधिकारसम्बन्धी स्थायी कार्य समूह, र डर्बन घोषणापत्र र कार्य योजनासँग सम्बन्धित थुप्रै संयन्त्रलगायतका संयन्त्रहरू (परिच्छेद ५);
- विशेष कार्यदेशवाहक (परिच्छेद ६);
- विश्वव्यापी आवधिक समीक्षा (परिच्छेद ७); र
- आरोपित मानवअधिकार उल्लङ्घनबारे उजुरीहरू पेस गर्ने कार्य (परिच्छेद ८)।

यसको अन्तिम परिच्छेदले कोष तथा अनुदानका बारेमा जानकारी दिन्छ (परिच्छेद ९), जसमध्ये केही उच्चायुक्तको कार्यालयद्वारा सञ्चालित छन्।

पाठकहरूलाई जानकारी लिन अझ सजिलो होस् भनेर प्रत्येक परिच्छेद हातेपुस्तकको बाँकी भागबाट स्वतन्त्र हुनेगरी लेखिएको छ। सम्पूर्ण हातेपुस्तकका साथै छुट्टाछुट्टै परिच्छेदहरूलाई उच्चायुक्तको कार्यालयको वेबसाइटबाट

डाउनलोड गर्न सकिन्छ।

यो *हातेपुस्तक* आफैंमा पूर्ण तथा स्थिर मार्गनिर्देशिका होइन भन्ने कुरा ध्यानमा राख्नु जरूरी छ। पाठकहरूलाई वर्तमान सूचनामा पहुँच होस् भन्ने कुरा सुनिश्चित गर्न सम्भव भएका ठाउँमा उच्चायुक्तको कार्यालयको वेबसाइट तथा अन्य स्रोतहरूको सन्दर्भ उलपलब्ध गराइएको छ। पाठकहरूलाई यी परिपूरक स्रोतहरू प्रयोग गर्न प्रोत्साहन गरिन्छ।

## संरचना

परिच्छेदहरूलाई सामान्यत: तीन भागमा बाँडिएको छ:

- निकाय/संयन्त्र के हो;
- यसले कसरी काम गर्दछ; र
- नागरिक समाजका पात्रहरूले कसरी यसमा पहुँच प्राप्त गरेर काम गर्न सक्छन्।

प्रत्येक परिच्छेदमा उच्चायुक्तको कार्यालयमा सम्पर्क गर्ने प्रमुख ठेगानाहरू पनि उल्लेख गरिएका छन् र अन्य स्रोतका लिङ्कहरू पनि समावेश गरिएका छन्।

## तपाईंको प्रतिक्रिया

यो *हातेपुस्तक* एउटा गतिशील औजार हो। उच्चायुक्तको कार्यालयको नागरिक समाजसम्बन्धी शाखा पाठक प्रतिक्रियाको स्वागत गर्दछ। तपाईंका टिप्पणी र सुझावहरू कृपया देहायको ठेगानामा पठाउनुहोला:

**Civil Society Unit**
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
CH-1211 Geneva 10, Switzerland
इमेल: CivilSocietyUnit@ohchr.org

# विश्वव्यापी आवधिक समीक्षा

## विश्वव्यापी आवधिक समीक्षाको एक झलक

**यो भनेको के हो ?**

महासभाको **प्रस्ताव ६०/२५१** द्वारा स्थापित विश्वयव्यापी आवधिक समीक्षा (यूपीआर) एउटा नयाँ मानवअधिकार संयन्त्र हो। संयुक्त राष्ट्रसङ्घका १९२ सदस्य राष्ट्रहरूमध्ये प्रत्येकले आफ्ना मानवअधिकारसम्बन्धी दायित्व तथा प्रतिबद्धताहरू पूरा गरेका छन् कि छैनन् भनी यसले **मानवअधिकार परिषद्मार्फत्** आवधिक रूपमा तिनको समीक्षा गर्दछ। यो समीक्षा एउटा सहयोगात्मक संयन्त्र हो र यसले **मानवअधिकार सन्धि निकायहरूको** कामलाई दोहोऱ्याउने नभई पूरक गर्ने आसय राखेको हुन्छ।

***यसले कसरी काम गर्छ ?***

मानवअअधिकार परिषद् **प्रस्ताव ५/१** ले यसको आवधिकता र प्रक्रिया तोकेको छ। यूपीआरले चारवर्षे चक्रीय रूपमा काम गर्छ र यसका कैयौं चरणहरू हुन्छन्। उदाहरणार्थ :

- समीक्षाअन्तर्गतको राष्ट्रद्वारा तयार पारिएको जानकारी (राष्ट्रिय प्रतिवेदन); **संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय** (उच्चायुक्तको कार्यालय)द्वारा तयार पारिएको समीक्षाअन्तर्गतको राष्ट्रसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय जानकारीको सङ्कलन; र अन्य सरोकारवालाहरू (नागरिक समाजका पात्रलगायत) ले पेस गरेको र उच्चायुक्तको कार्यालयद्वारा नै तयार पारिएको जानकारीको सारसङ्क्षेपलगायत समीक्षा आधारित हुने जानकारीको तयारी ;
- समीक्षाचाहिँ जेनेभास्थित यूपीआरसम्बन्धी कार्यसमूहमा हुन्छ र यो परिषद्का ४७ सदस्य राष्ट्रहरू मिलेर बनेको छ। समीक्षाको स्वरूप समीक्षाअन्तर्गतको राष्ट्र, र परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रबीच अन्तर्क्रियात्मक संवाद हुन्छ। कार्यसमूहको हरेक वर्ष दुईसाता लामा तीनवटा सत्रहरू हुन्छन् र यसले हरेक सत्रमा १६ वटा अर्थात हरेक वर्ष जम्मा ४८ वटा राष्ट्रहरूको समीक्षा गर्दछ ;
- परिषद्का सदस्य राष्ट्रहरूमध्येबाट तीनजना प्रतिवेदकहरूको समूह ("त्रयी सदस्य")ले प्रत्येक राष्ट्रको समीक्षालाई सहज बनाउने छ ;
- प्रत्येक समीक्षाको अन्त्यमा कार्यसमूद्वारा अन्तिम दस्तावेज पारित ;
- विश्वव्यापी आवधिक समीक्षाको अन्तिम दस्तावेजमाथिको विचारविमर्श र त्यसलाई पारित गर्ने कार्य यसको अर्को नियमित सत्रमा हुन्छ ; र
- समीक्षित राष्ट्र तथा नागरिक समाजलगायतका सरोकारवालाहरूबाट अन्तिम दस्तावेजहरूमा समाहित निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयनका

सम्बन्धमा अनुवर्ती कार्य गर्ने।

***विश्वव्यापी आवधिक समीक्षामा कसरी संलग्न हुने***

प्रस्ताव ५/१ ले यस प्रक्रियामा सम्बद्ध सबै सरोकारवालाको सहभागिताको व्यवस्था गरेको छ। त्यसैअनुसार क्षेत्रीय अन्तरसरकारी सङ्गठन, राष्ट्रिय मानवअधिकारसम्बन्धी संस्था एवं गैरसरकारी सङ्गठन, मानवअधिकार रक्षक, प्राज्ञिक संस्था र अनुसन्धान संस्थाहरूलगायत नागरिक समाजका प्रतिनिधिहरूको सहभागितालाई सम्बद्ध चरणहरूमा दृष्टिगत गरिएको छ।

यूपीआरसम्बन्धी कार्यसमूहका सत्र तथा मानवअधिकार आयोगका सत्रहरूमा भाग लिन संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (इकोसोक)सँगको **परामर्शदातृ हैसियत** आवश्यक हुन्छ। तैपनि, नागरिक समाजका पात्रहरूले, अन्य कुरामध्ये, देहायका कार्य गरेर विश्वव्यापी आवधिक समीक्षाको काममा योगदान पुऱ्याउन सक्छन्ः

- सरकारहरूद्वारा आफ्ना देशमा मानवअधिकारको स्थितिसम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गर्न गरिएका परामर्श हरूमा सहभागी भएर ;
- उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको सरोकारवालाका जानकारीको सारसङ्क्षेपमा सम्भाव्य समावेशका लागि समीक्षाअन्तर्गतका राष्ट्रहरूमा मानवअधिकारको स्थितिसम्बन्धी जानकारी तयार गरेर ; र
- समीक्षाका निष्कर्षहरूको कार्यान्वयनको अनुवर्ती कार्यमा योगदान पुऱ्याएर।

कार्यसमूहका सत्रहरू उच्चायुक्तको कार्यालयको **वेबमा** प्रत्यक्ष प्रसारण गरिन्छन् र विश्वव्यापी आवधिक समीक्षाका विभिन्न दस्तावेज तथा जानकारी उच्चायुक्तको **कार्यालयको वेबसाइट**को यूपीआर खण्ड र मानवअधिकार परिषद्को **एक्स्ट्रानेट**को यूपीआर पृष्ठमा उपलब्ध छन्।

## विश्वव्यापी आवधिक समीक्षासँग सम्बन्धित प्रमुख सम्पर्कहरू

**OHCHR Human Rights Council Branch**
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8 – 14, avenue de la Paix
CH-1211 Geneva 10 – Switzerland
फोन: +41 (0) 22 917 92 69
फ्याक्स: +41 (0) 22 917 90 11

**OHCHR Civil Society Unit**
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8 – 14, avenue de la Paix
CH-1211 Geneva 10 – Switzerland
फोन: +41 (0) 22 917 90 00

# विश्वव्यापी आवधिक समीक्षा भनेको के हो ?

### विश्वव्यापी आवधिक समीक्षाको स्थापना

वि.सं.२०६२ चैत २ गतेको महासभाको **प्रस्ताव ६०/२५१** द्वारा स्थापित र २०६४ असार ४ गतेको **मानवअधिकार परिषद्को प्रस्ताव ५/१** मा विस्तृत पारिएको विश्वयव्यापी आवधिक समीक्षा (यूपीआर) एक नयाँ मानवअधिकार संयन्त्र हो। मानवअधिकार परिषद्ले यसैमार्फत् आवधिक रूपमा संयुक्त राष्ट्रसङ्घका १९२ सदस्य राष्ट्रमध्ये प्रत्येकले आफ्ना मानवअधिकारसम्बन्धी दायित्व तथा प्रतिबद्धताहरू पूरा गरेका छन् कि छैनन् भनी समीक्षा गर्ने जिम्मेवारी पाएको छ। यूपीआर एउटा सहयोगात्मक संयन्त्र हो र यो समीक्षाअन्तर्गतको राष्ट्र र परिषद्का सदस्य तथा पर्यवेक्षकबीच अन्तर्क्रियात्मक संवादमा आधारित हुन्छ। यसको अभिप्राय **मानवअधिकार सन्धि निकायहरू**को कामलाई दोहोऱ्याउने नभई पूरक गर्ने हुन्छ।

चारवर्षे चक्रिय रूपमा यसको सञ्चालन हुन्छ र समीक्षाहरू आधारित हुने दस्तावेजहरूको तयारी, समीक्षा स्वयं र समीक्षाबाट आएका निष्कर्ष तथा सिफारिसहरूको अनुवर्ती कार्यलगायत कैयौं चरणहरू मिलेर यो बनेको हुन्छ। क्षेत्रीय अन्तरसरकारी सङ्गठन, राष्ट्रिय मानवअधिकारसम्बन्धी संस्था एवं गैरसरकारी सङ्गठन, मानवअधिकार रक्षक, प्राज्ञिक संस्था र अनुसन्धान संस्थाहरूलगायत नागरिक समाजका प्रतिनिधिहरूको सहभागितालाई समीक्षा प्रक्रियाको सम्बद्ध चरणहरूमा दृष्टिगत गरिएको छ।

यूपीआरको प्रथम चक्रको समापनमा मानवअधिकार परिषद्ले सर्वोत्तम अभ्यास तथा सिकेका पाठहरूमा आधारित रहेर समीक्षाका विधि तथा आवधिकताको समीक्षा गर्न सक्छ।

**विश्वयव्यापी आवधिक समीक्षालाई निर्देशन गर्ने सिद्धान्त तथा उद्देश्यहरू**

केही सिद्धान्तहरूले यूपीआरलाई यसका विभिन्न चरणहरूमा निर्देशन गर्दछन्ः

- यसले सबै मानवअधिकारहरूको विश्वव्यापकता, अन्तरनिर्भरता, अविभाज्यता तथा अन्तरसम्बन्धलाई प्रवर्द्धन गर्नुपर्छ;
- यो वस्तुपरक तथा भरपर्दो जानकारी र अन्तर्क्रियात्मक संवादमा आधारित सहयोगात्मक संयन्त्र हुनुपर्छ;
- यसले विश्वव्यापी पहुँच तथा सबै राष्ट्रहरूको समान व्यावहारलाई सुनिश्चित गर्नुपर्छ;
- यो अन्तरसरकारी प्रक्रिया, संयुक्त राष्ट्रसङ्घको सदस्यद्वारा चालित तथा कार्य अभिमुखी हुनुपर्छ;
- यसले समीक्षाअन्तर्गतको मुलुकलाई संलग्न गराउनुपर्छ;
- यो अन्य मानवअधिकार संयन्त्रहरूको नक्कल गर्ने नभई थप महत्त्व दिन तिनीहरूको पूरकको रूपमा हुनुपर्छ;
- यसको सञ्चालन वस्तुपरक, पारदर्शी, गैरचयनकारी, रचनात्मक, गैरमुठभेडपूर्ण तथा गैरराजनीतिक किसिमले गरिनुपर्छ;
- यो सम्बन्धित राष्ट्र वा परिषद्को कार्यसूचीका निम्ति बढी बोझिलो हुनुहुँदैन;
- यो अति लामो हुनुहुँदैन। यो यथार्थपरक हुनुपर्छ र यसले असमानुपातिक परिमाणमा समय तथा मानव र वित्तीय स्रोतहरूको अवशोषण गर्नुहुँदैन;
- यसले जरुरी मानवअधिकार स्थितिलाई सम्बोधन गर्ने मानवअधिकार परिषद्को क्षमतालाई कम गर्न हुँदैन;
- यसले लैङ्गिक दृष्टिकोणलाई पूर्ण रूपमा एकीकृत गर्नुपर्छ;
- यसले विकासको स्तर तथा देशका विशिष्ट विशेषताहरूलाई ध्यानमा राख्नुपर्छ; र
- महासभा प्रस्ताव ६०/२५१ र आर्थिक तथा सामाजिक परिषद् (इकोसोक) प्रस्ताव १९९६/३१, एवं मानवअधिकार परिषद्ले यसबारे गर्न सक्ने कुनै पनि निर्णयअनुसार गैरसरकारी सङ्गठन (गैसस)लगायत सम्बद्ध सबै सरोकारवालाको सहभागितालाई यसले सुनिश्चत गर्नुर्छ।

विश्वव्यापी आवधिक समीक्षाको उद्देश्यहरू हुनः

- यथार्थमा मानवअधिकार स्थितिमा सुधार;
- राष्ट्रका मानवअधिकार दायित्व तथा प्रतिबद्धताहरूलाई पूरा गर्ने र सकारात्मक प्रगति तथा यसले सामना गर्नुपरेका चुनौतीहरूको मूल्याङ्कन;
- सम्बन्धित राष्ट्रको सहमति र परामर्शमा उसको क्षमता तथा प्राविधिक सहायताको व्यवस्थामा अभिवृद्धि;
- राष्ट्र र अन्य सरोकारवालाहरूको बीचमा सर्वोत्तम अभ्यासहरूको आदानप्रदान;
- मानवअधिकारको प्रवर्द्धन र संरक्षणमा सहायताका लागि सघाउ; र
- मानवअधिकार परिषद्, अन्य मानवअधिकार निकायहरू र **संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय** (उच्चायुक्तको कार्यालय)सँग पूर्ण सहयोग र संलग्नताका लागि प्रोत्साहन।

यूपीआर संयन्त्रमा विकासोन्मुख मुलुकहरू (खासगरी अतिकम विकसित मुलुकहरू)को सहभागितालाई सहज बनाउन तथा देशीयतहमा यसको अनुवर्ती कार्यमा सघाउ पुऱ्याउन क्रमशः दुईवटा वित्तीय संयन्त्रहरू – **विश्वव्यापी आवधिक समीक्षा स्वैच्छिक गुठी कोष** र **वित्तीय तथा प्राविधिक सहायताका लागि स्वैच्छिक कोष** – स्थापना गरिएका छन्।

## विश्वव्यापी आवधिक समीक्षाले कसरी काम गर्छ ?

### क. आवधिकता, क्रम र समीक्षाको आधार

#### आवधिकता

यूपीआरले चारवर्षे चक्रीय आधारमा काम गर्छ। सन् २००७ सेप्टेम्बरमा भएको आफ्नो छैठौं सत्रमा मानवअधिकार परिषद्ले प्रथम चक्रको अवधिमा संयुक्त राष्ट्रसङ्घका सबै सदस्य राष्ट्रहरूको समीक्षाका लागि एउटा **पात्रो** पारित गऱ्यो।

**प्रथम चक्र** (२००८–२०११) **मा समीक्षा गरिने राष्ट्रहरूको क्रम** हेर्न उच्चायुक्तको कार्यालयको वेबसाइटमा जानुहोस्।

#### समीक्षाको क्रम

राष्ट्रहरूको समीक्षा गरिने क्रम विश्वव्यापकता र समान व्यावहारका सिद्धान्तहरूद्वारा निर्देशित हुन्छ। प्रस्ताव ५/१ ले समीक्षाको क्रमलाई निर्धारण गर्न देहायका प्रावधानहरू तोकेको छ:

- परिषद्का सबै सदस्य राष्ट्रहरूको समीक्षा आफू सदस्य हुँदाको अवधिमा गरिने छ।
- परिषद्का प्रारम्भिक सदस्य राष्ट्रहरू – खासगरी एक वा दुई वर्षका लागि निर्वाचित राष्ट्रहरू – को पहिले समीक्षा गरिनुपर्छ।
- परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरू दुवैको समीक्षा गरिनुपर्छ; र
- समीक्षाका निम्ति मुलुकहरूको चयनमा साम्यिक भौगोलिक वितरणलाई सम्मान गरिनुपर्छ।

#### समीक्षाको आधार

प्रत्येक राष्ट्रको देहायका आधारमा अध्ययन गरिन्छ;

- **संयुक्त राष्ट्रसङ्घको बडापत्र**;
- **मानवअधिकारको विश्वव्यापी घोषणापत्र**;
- आफू पक्ष राष्ट्र भएका मानवअधिकारसम्बन्धी दस्तावेजहरू;

- परिषद्को निर्वाचनमा आफ्नो उम्मेदवारी प्रस्तुत गर्दा गरेका (सम्बद्ध भए)सहित आफ्ना स्वैच्छिक प्रतिज्ञा तथा प्रतिबद्धताहरू; र
- लागू भएका अन्तर्राष्ट्रिय मानवीय कानुन

## ख. समीक्षा प्रक्रिया

### १. दस्तावेजीकरण

समीक्षाका लागि जानकारीको तयारी यस प्रक्रियाको प्रारम्भिक चरण हो। राष्ट्रको समीक्षा तीनवटा दस्तावेजमा रहेको जानकारीमा आधारित हुन्छन्:

- समीक्षाअन्तर्गतको राष्ट्रद्वारा तयार पारिएको जानकारी ;
- उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको संयुक्त राष्ट्रसङ्घीय जानकारीको सङ्कलन; र
- सरोकारवालाका जानकारीहरूको सारसङ्क्षेप (उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको)

यी तीनवटा दस्तावेजहरूले समीक्षाअन्तर्गतको प्रत्येक राष्ट्रमा मानवअधिकारको स्थितिसम्बन्धी पृथक तथा पूरक दृष्टिकोणहरू उपलब्ध गराउँछन्। प्रत्येक समीक्षा हुनुभन्दा कम्तीमा ६ हप्ता अघि यी दस्तावेजहरू उपलब्ध गराइनुपर्छ र उच्चायुक्तको कार्यालयको वेबसाइटको **यूपीआर खण्डमा** राखिनुपर्छ।

**क. समीक्षाअन्तर्गतको राष्ट्रद्वारा तयार पारिएको जानकारी (राष्ट्रिय प्रतिवेदन)**

कुनै पनि राष्ट्रले राष्ट्रिय प्रतिवेदनको रूप लिन सक्ने समीक्षाका लागि आफूले तयार गरेको जानकारी मौखिक वा लिखित रूपमा प्रस्तुत गर्दछ। लिखित प्रस्तुतिहरू २० पृष्ठभन्दा बढी हुनुहुँदैन। **नागरिक समाजलगायत सम्बद्ध सबै सरोकारवालाहरूसँगको राष्ट्रिय परामर्श प्रक्रियामार्फत् राष्ट्रहरूलाई यो जानकारी तयार गर्न प्रोत्साहन गरिन्छ।**

**ख. उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको संयुक्त राष्ट्रसङ्घीय जानकारीको सङ्कलन**

उच्चायुक्तको कार्यालयले १० पृष्ठमा नबढाई मानवअधिकार सन्धि निकाय, विशेष कार्यदिशवाहक र संयुक्त राष्ट्रसङ्घका अन्य सम्बद्ध आधिकारिक दस्तावेजहरूमा समाहित जानकारीको सङ्कलन तयार गर्दछ।

**ग. उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको सरोकारवालाहरूका जानकारीहरूको सारसङ्क्षेप**

उच्चायुक्तको कार्यालयले १० पृष्ठमा नबढाई यूपीआरका अन्य सरोकारवालाहरू (राष्ट्रिय मानवअधिकार संस्था, गैसस तथा नागरिक समाजका अन्य पात्रहरूलगायत)द्वारा उपलब्ध गराइएका प्रतिवेदन सारसङ्क्षेप पनि तयार पार्दछ। समीक्षाका क्रममा सरोकारवालाहरूको सारसङ्क्षेपमाथि पनि ध्यान दिइन्छ।

मानवअधिकार परिषद्ले **निर्णय ६/१०२** मा यूपीआरअन्तर्गतको जानकारीको तयारीका लागि आफ्ना सामान्य मार्गनिर्देशनहरू तोकेको छ। **यी मार्गनिर्देशनहरू राज्य तथा अन्य सरोकारवालाहरू, एवं आफ्नो जिम्मेवारीअन्तर्गका दस्तावेजहरूको तयारीका निम्ति उच्चायुक्तको कार्यालयलाई लागू हुन्छन्** र यिनले समीक्षाका निम्ति पेस गरिने जानकारीमा देहायका कुराहरू समावेश हुनुपर्ने व्यवस्था गरेको छन् :

- अध्ययनविधि र उपलब्ध गराइएको जानकारीको तयारीका निम्ति अपनाइएको व्यापक परामर्श प्रक्रियाको विवरण;
- संविधान, कानुन, नीतिगत उपायहरू, राष्ट्रिय विधिशास्त्र, मानवअधिकार पुर्वाधार (जस्तै, राष्ट्रिय मानवअधिकार संस्थाहरू) र "समीक्षाका आधार" (माथि हेर्नुहोस्)मा पहिचान गरिएका अन्तर्राष्ट्रिय दायित्वहरूको क्षेत्रलगायत राज्यमा मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि पृष्ठभूमि र खाका (विशेषगरी मानक तथा संस्थागत);
- "समीक्षाका आधार" (माथि हेर्नुहोस्)मा पहिचान गरिएका अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वहरूको कार्यान्वयन, राष्ट्रिय कानुन तथा स्वैच्छक प्रतिबद्धताहरू, राष्ट्रिय मानवअधिकार संस्थाहरू, मानवअधिकारबारे जनजागरण तथा मानवअधिकार संयन्त्रहरूसँगको सहकार्यलगायत यथार्थमा मानवअधिकारको प्रवर्द्धन तथा संरक्षण; र
- उपलब्धि, सर्वोत्तम अभ्यास, चुनौती तथा व्यवधानहरूको पहिचान।

प्रत्येक राष्ट्रले देहायका कुराहरूको पहिचान/सोबारे जानकारी पनि उपलब्ध गराउनुपर्छ :

- चुनौती तथा व्यवधानहरूलाई परास्त गर्न र यथार्थमा मानवअधिकारको स्थितिलाई सुधार गर्न आफूले लिन खोजेका प्रमुख राष्ट्रिय प्राथमिकता, पहलकदमी तथा प्रतिबद्धताहरू;
- क्षमता अभिवृद्धि तथा प्राविधिक सहायताका लागि कुनै अनुरोध भए त्यसको हकमा यसका अपेक्षाहरू;
- यसले सम्बन्धित ठानेका अन्य कुनै पनि जानकारी; र
- पछिल्लो समीक्षाका क्रममा अघिल्लो समीक्षाको अनुवर्ती कार्य।

## २. विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यसमूह

राष्ट्रहरूको वास्तविक समीक्षा यूपीआरसम्बन्धी कार्यसमूहमा हुन्छ। यसको अध्यक्षता मानवअधिकार परिषद्का अध्यक्षद्वारा गरिन्छ र यसमा परिषद्का ४७ सदस्य राष्ट्र छन्। हरेक वर्ष यसका दुईसाता लामा तीनवटा सत्र हुन्छन् र हरेक सत्रमा १६ गरी हरेक वर्ष कुल ४८ राष्ट्रको समीक्षा हुन्छ। कार्यसमूहको पहिलो बैठक सन् २००८ अप्रिलमा सम्पन्न भयो।

समीक्षाअन्तर्गतको राष्ट्र र परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूको बीचमा तीनघण्टा लामो अन्तर्क्रियात्मक संवाद हुन्छ। यस संवादको क्रममा सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूलाई समीक्षाअन्तर्गतको राष्ट्रलाई प्रश्न तथा

सिफारिसहरूको जवाफ दिन तथा समीक्षाको अन्त्यमा निष्कर्षहरू राख्न एक घण्टाको समय दिइएको हुन्छ।

**इकोसोकसँग परामर्शदातृ हैसियत भएका गैससहरू यूपीआरसम्बन्धी कार्यसमूहका सत्रहरूमा भाग लिन सक्छन्, तर अन्तर्क्रियात्मक संवादमा कुनै पनि भूमिका खेल्दैनन्।**

गैससका लागि जानकारी टिप्पणीलगायत कार्यसमूहका सत्रसम्बन्धी नियमित रूपमा हुने अद्यावधिक जानकारीका लागि उच्चायुक्तको कार्यालयको वेबसाइटको यूपीआर खण्डमा जानुहोस्।

**इकोसोकसँगको परामर्शदातृ हैसियत**का सम्बन्धमा थप जानकारीका लागि संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक मामिला विभागको वेबसाइटमा जानुहोस्।

**त्रयी सदस्य**

तीन प्रतिवेदकहरूको समूह ("त्रयी सदस्य")ले प्रत्येक राष्ट्रको समीक्षालाई सहज बनाउँछ। प्रत्येक राष्ट्रको समीक्षाका लागि त्रयी सदस्यहरूको छुट्टै समूह गठन गरिन्छ र ती त्रयी सदस्यहरू (विभिन्न संयुक्त राष्ट्रसङ्घीय क्षेत्रीय समूहहरूबाट लिइएका)को चयन मानवअधिकार परिषद्का सदस्य राष्ट्रहरूमध्येबाट गोलाप्रथाद्वारा गरिन्छ। उच्चायुक्तको कार्यालयले आफ्नो भूमिकाको सम्पादनमा ती त्रयी सदस्यहरूलाई सहायता उपलब्ध गराउँछ।

अरू राष्ट्रहरूलाई समीक्षा हुनुअघि समीक्षाअन्तर्गतको राष्ट्रबारे लिखित रूपमा प्रश्न गर्ने/मुद्दा उठाउने अवसर हुन्छ। यी प्रश्न/मुद्दाहरू प्राप्त गर्ने तथा तिनीहरूलाई आफूले निर्णय गरेमा समूहबद्ध गर्ने जिम्मेवारी त्रयी सदस्यहरूको हो। अनि तिनीहरूले ती प्रश्न/मुद्दाहरू यूपीआरको सचिवालयमा पठाउँछन् जसले पुनः तिनलाई समीक्षा हुनुअघि १० कार्यदिनमा नबढाईकन समीक्षाअन्तर्गतको राष्ट्रमा पठाउँछ। यी प्रश्न/मुद्दाहरू परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूलाई पठाइन्छ।

## ३. समीक्षाअन्तर्गतको राष्ट्रसम्बन्धी कार्यसमूहको अन्तिम दस्तावेज

प्रत्येक राष्ट्रबारेको अन्तर्क्रियात्मक संवादपछि तोकिएका त्रयी सदस्यहरूले यूपीआर सचिवालयको सहायता र समीक्षित राष्ट्रको पूर्ण संलग्नतामा समीक्षासम्बन्धी अन्तिम दस्तावेज (प्रतिवेदन)को तयारीलाई सहज बनाउँछन्। समीक्षापछि ४८ घण्टामा नबढाई कार्यसमूहले प्रत्येक अन्तिम दस्तावेजमा विचारविमर्श गर्न र त्यसलाई पारित गर्न बढीमा ३० मिनेटको समय दिन्छ। आफ्ना वक्तव्य सुधार गर्न राष्ट्रहरूलाई दुई साताको समय दिएर कार्यसमूहका देशीय प्रतिवेदन अस्थायी रूपमा पारित हुन्छन्।

अन्तिम दस्तावेजहरूमा समीक्षाका कारबाहीहरूको सारसङ्क्षेप, निष्कर्ष र/वा सिफारिसहरू तथा समीक्षाअन्तर्तगतको राष्ट्रद्वारा गरिएका कुनै पनि स्वैच्छिक प्रतिबद्धता तथा प्रतिज्ञाहरू पर्दछन्।

अन्तिम दस्तावेजका निष्कर्ष/सिफारिसहरूलाई आफूले समर्थन गर्ने नगर्ने भन्ने जनाउन प्रत्येक समीक्षित राष्ट्रलाई अवसर दिइएको हुन्छ। यसले देहायका क्रममा त्यसो गर्न सक्छः

- कार्यसमूहको बैठकका क्रममा;
- कार्यसमूहको सत्र र परिषद्‌को आगामी सत्रको बीचमा; वा
- कार्यसमूहको अन्तिम दस्तावेज पारित गर्न बसेको परिषद्‌को बैठकको क्रममा।

सम्बन्धित राष्ट्रद्वारा समर्थित सिफारिसहरूलाई अन्तिम दस्तावेजहरूमा पहिचान गरिएका हुन्छन्। त्यो राष्ट्रद्वारा समर्थन नगरिएका सिफारिसहरूलाई उसले तीमाथि गर्ने कुनै टिप्पणी भए तीसहित अन्तिम दस्तावेजमा उल्लेख गरिन्छन्।

## ४. मानवअधिकार परिषद्‌द्वारा अन्तिम दस्तावेज पारित

यूपीआरसम्बन्धी कार्यसमूहद्वारा पारित भएपछि प्रत्येक समीक्षित राष्ट्रसम्बन्धी प्रतिवेदन मानवअधिकार परिषद्‌मा पठाइन्छ। सामान्यतया सो परिषद्‌ले आफ्नो अर्को नियमित बैठकमा यी अन्तिम दस्तावेजहरूमध्ये प्रत्येकलाई एक घण्टासम्म समय दिएर तीमाथि विचारविमर्श गरी पारित गर्छ।

प्रस्ताव ५/१ अनुसार, प्रत्येक अन्तिम दस्तावेजलाई पारित गर्नुअघि देहायका कार्य गर्नुपर्छः

- समीक्षित राष्ट्रलाई स्वैच्छिक रूपमा गरिएको प्रतिज्ञा र प्रतिबद्धताहरूका सम्बन्धमा तथा निष्कर्ष/प्रतिबद्धताहरूमाथि आफ्नो धारणा प्रस्तुत गर्ने र कार्यसमूहको अन्तर्क्रियात्मक संवादका क्रममा पर्याप्त मात्रामा सम्बोधन नगरिएका प्रश्न वा मुद्दाहरूमाथि जवाफ प्रस्तुत गर्ने अवसर प्रदान गरिन्छ;
- समीक्षित राष्ट्र र परिषद्‌का सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूलाई निष्कर्षबारे आफ्ना धारणा राख्ने अवसर दिइन्छ; र
- सम्बद्ध अन्य सरोकारवालाहरू (इकोसोकमा परामर्शदातृ हैसियत भएका अन्तर्राष्ट्रिय मानवअधिकार संस्था तथा गैससलगायत)लाई सामान्य टिप्पणी गर्ने अवसर दिइन्छ।

अन्तिम दस्तावेजहरू पारित गर्दा परिषद्‌ले समीक्षाको विशिष्ट अनुवर्ती कार्य आवश्यक छ कि छैन, छ भने कहिले भन्ने निर्णय पनि गर्छ।

## ५. समीक्षाका अनुवर्ती कार्यहरू

समीक्षित राष्ट्रको समर्थन पाउने अन्तिम दस्वतावेजका निष्कर्ष/सिफारिसहरूले यूपीआरका अनुवर्ती कार्यको आधारको काम गर्छ।

यूपीआरका अन्तिम निष्कर्षहरू (निष्कर्ष तथा सिफारिस र स्वैच्छिक प्रतिज्ञा र प्रतिबद्धताहरूलगायत)को कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी समीक्षित राष्ट्रको हुन्छ। तर, **प्रस्ताव ५/१ ले नागरिक समाजका पात्रलगायत सम्बद्ध अन्य सरोकारवालाहरूले पनि तिनको कार्यान्वयनमा खेल्ने भूमिकाको व्यवस्था गरेको छ।** अन्तर्राष्ट्रिय समुदायहरूले आफूहरूसँगको परामर्श र मन्जुरीमा क्षमता अभिवृद्धि तथा प्राविधिक सहायता सम्बन्धमा समीक्षाका निष्कर्षहरूको कार्यान्वयन गर्न राष्ट्रलाई सघाउँछन्।

पछि गरिने समीक्षा चक्रहरूले, अन्य कुराहरूका अतिरिक्त, प्रत्येक राष्ट्रले गरेका सिफारिसहरूको कार्यान्वयनमा संकेन्द्रण गर्नेछन् र यस उद्देश्यका लागि यूपीआर संयन्त्रले आफूलाई सहयोग गर्न कुनै राष्ट्रलाई गरेका सबै प्रयासहरू सकिसकेको अवस्थामा यसफूलाई गरेको निरन्तरको असहयोगका घटनाहरूलाई उपयुक्त भएमा परिषद्ले सम्बोधन गर्न सक्छ।

## यूपीआर प्रक्रिया

### चार वर्षे चक्र

**क. समीक्षाका लागि जानकारीको तयारी**

- व्यापक परामर्शहरू (राष्ट्रिय प्रतिवेदनहरू)मार्फत् समेतगरी राष्ट्रसम्बन्धी जानकारी
- उच्चायुक्तको कार्यालयद्वारा सङ्कलन गरिएका संयुक्त राष्ट्रसङ्घीय जानकारी
- सरोकारवालाहरूको जानकारीको सारसङ्क्षेप (उच्चायुक्तको कार्यालयद्वारा तयार गरिएको)।

**ख. यूपीआरसम्बन्धी कार्यसमूहले**

- प्रत्येक वर्ष जेनेभामा दुईसाता लामा तीनवटा बैठक गर्छ; १६ राष्ट्र/प्रतिसत्र अध्ययन गर्छ (४८ राष्ट्र/प्रतिवर्ष)
- समीक्षाअन्तर्गतको राष्ट्रसँग अन्तर्क्रियात्मक संवाद गर्छ,
- सिफारिस, निष्कर्ष र स्वैच्छिक प्रतिज्ञाहरू भएको प्रतिवेदनलाई अस्थायी रूपमा पारित गर्छ
- समीक्षित राष्ट्रले यो चरण वा पछिल्लो चरण (बैठकको अवधिमा पछिल्लो)मा कुन सिफारिसलाई आफूले समर्थन गर्ने वा नगर्ने भन्ने सङ्केत गर्छ।

**ग. मानवअधिकार परिषद्को नियमित सत्र**

- परिषद्ले प्रत्येक दस्तावेजमाथि एक घण्टासम्म विचार गर्छ
- अन्तिम दस्तावेज पारित हुनुअघि समीक्षित राष्ट्र, परिषद्का सदस्य तथा पर्यवेक्षक राष्ट्र र अन्य सरोकारवालाहरूलाई आफ्नो धारणा राख्ने अवसर दिइन्छ।
- परिषद्द्वारा अन्तिम दस्तावेज पारित।

**घ. निष्कर्षहरूको कार्यान्वयन**

- सम्बन्धित राष्ट्र तथा आवश्यक परेको ठाउँमा सम्बद्ध अन्य सरोकारवालाहरूसमेतको जिम्मेवारी

- क्षमता अभिवृद्धि तथा प्राविधिक सहायतामा सहयोग गर्ने अन्तर्राष्ट्रिय समुदाय
- अन्य सम्पूर्ण प्रयासहरू सकिसकेपछि यूपीआरलाई गरिने निरन्तरको असहयोगका लागि मानवअधिकार परिषद्ले सम्बोधन गर्न सक्छ।

## विश्वव्यापी आवधिक समीक्षा संयन्त्रमा कसरी संलग्न हुने

यूपीआरका सम्बद्ध चरणहरूमा नागरिक समाजले खेल्ने भूमिका महत्त्वपूर्ण हुन्छ – समीक्षाका लागि जानकारी तयार पार्न, समीक्षामा भाग लिन तथा यूपीआरका सिफारिस र निष्कर्षहरूको कार्यान्वयनको अनुवर्ती कार्यमा सघाएर।

### क. राष्ट्रिय प्रतिवेदन तयार पार्न राष्ट्रहरूसँगको कार्य

प्रस्ताव ५/१ ले राष्ट्रहरूलाई आफ्नो समीक्षाका लागि पेस गर्ने जानकारी तयार पार्दा सम्बद्ध सबै सरोकारवालासँग व्यापक राष्ट्रिय परामर्श प्रक्रियामार्फत् तयार गर्न प्रोत्साहन गर्छ। यसमा राष्ट्रिय मानवअधिकार संस्थाहरू एवं गैसस, मानवअधिकार रक्षक, प्राज्ञिक संस्था तथा अनुसन्धान संस्थाजस्ता नागरिक समाजका प्रतिनिधिहरू पर्न सक्छन्।

आजसम्मको यूपीआरको अनुभवले राष्ट्रिय प्रतिवेदनहरूको तयारीमा नागरिक समाज र सरकारी सहकार्यका "सर्वोत्तम अभ्यास"का विविध उदाहरणहरूलाई प्रदर्शन गर्छ।

**राष्ट्रसम्बन्धी जानकारी (राष्ट्रिय प्रतिवेदनहरू)को तयारीमा योगदान पुऱ्याउने कार्य**

सन् २००८ मईमा यूपीआरको कार्यसमूहको दोस्रो सत्रमा **स्विट्जरल्यान्ड**को समीक्षाको तयारीको क्रममा स्विट्जरल्यान्डस्थित ३२ वटा गैससले सरोकारवालाहरूको जानकारीको तयारीको समन्वय गर्न बैठक गरे। तीनवटा गैससहरूद्वारा समन्वीकृत (**एम्नेस्टी इन्टरनेसनल – स्विस शाखा, humanrights.ch and CODMAP,**) "गैसस गठबन्धन"ले आफ्नो जानकारीको प्रारम्भिक मस्यौदा तयार गरी स्विस सरकारलाई पठायो।

स्विस सङ्घीय सरकारले यूपीआरमा बुझाउने आफ्नो मस्यौदा राष्ट्रिय प्रतिवेदन गैसस गठबन्धनलाई देखायो र यसका सदस्यहरूलाई सरकारसँग एकदिने छलफलमा भाग लिन आमन्त्रण गऱ्यो। बैठकमा गठबन्धनले सरकारको मस्यौदा प्रतिवेदनमाथि सारभूत टिप्पणी गर्नुका साथै शृङ्खलाबद्ध सिफारिसहरू गऱ्यो। गठबन्धनका कैयौं सिफारिसहरू यूपीआरमा पेस गरिएको राष्ट्रिय प्रतिवेदनको अन्तिम पाठमा समावेश गरिए। सरकारले पनि आफ्नो प्रतिवेदनको एउटा खण्ड गठबन्धनले उठाएका केही प्रमुख सरोकारहरूलाई सम्बोधन गर्नमा लगाएको छ।

### ख. सरोकारवालाहरूको जानकारी

प्रस्ताव ५/१ अनुसार, उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको सरोकारवालाहरूको जानकारीको

सारसङ्क्षेपमा सम्भावित समावेशका लागि सरोकारवालाहरूलाई पनि समीक्षाअन्तर्गतको राष्ट्रको सम्बन्धमा जानकारी प्रस्तुत गर्न आमन्त्रण गरिन्छ। उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको सरोकारवालाहरूको जानकारीको सारसङ्क्षेप समीक्षा आधारित रहेका तीनवटा दस्तावेजहरूमध्ये एक हो।

सरोकारवालाले पेस गरेको जानकारीमा समीक्षाअन्तर्गतको राष्ट्रका सम्बन्धमा विश्वसनीय तथा भरपर्दो जानकारी हुनुपर्छ।

उच्चायुक्तको कार्यालयले सारसङ्क्षेप दस्तावेजहरूमा समावेश गरिएका सरोकारवालाहरूका सबै जानकारीको सन्दर्भ राख्दछ। त्यसबाहेक, सरोकारवालाहरूका जानकारी उच्चायुक्तको कार्यालयको वेबसाइटमा **यूपीआर खण्ड**मार्फत् मौलिक स्वरूपमा प्राप्त गर्न सकिन्छ।

**सरोकारवालाहरूको जानकारीको तयारी तथा उच्चायुक्तको कार्यालयमा पेस गर्ने कार्य**

इन्डोनेसियाली मानवअधिकार सङ्गठनहरूको गठबन्धन **मानवअधिकार कार्यसमूह-इन्डोनेसियाले** सन् २००८ अप्रिलमा भएको यूपीआरसम्बन्धी कार्यसमूहको पहिलो सत्रमा इन्डोनेसियाको समीक्षामा सरोकारवालाहरूको जानकारीमा सघायो।

आफ्नो जानकारी तयार पार्दा सो कार्यसमूहले यूपीआर संयन्त्रबारे छलफल गर्न तथा जानकारीका लागि खाका र संरचना तयार पार्न विषयगत मुद्दाहरूमा कार्यरत कैयौं राष्ट्रिय गैससहरूलाई बैठकमा आमन्त्रण गरेर "तलदेखि माथि जाने" प्रक्रिया अवलम्बन गऱ्यो। बैठकपछि प्रत्येक गैससलाई आफ्नो विशेषज्ञताको क्षेत्रसँग सम्बद्ध जानकारी तयार पार्ने जिम्मेवारी सुम्पियो भने कार्यसमूहले त्यसलाई उच्चायुक्तको कार्यालयको यूपीआर सचिवालयमा पठाएर जानकारीमा सुधार गर्ने जिम्मेवारी लियो।

कार्यसमूह-इन्डोनेसियाले इन्डोनेसियाली मानवअधिकार संस्था कोम्नास हामसँग पनि सहकार्य गऱ्यो र सरोकारवालाहरूको जानकारी तयार पार्नमा इन्डोनेसियाली विदेश मन्त्रालयसँग वार्तामा सामेल भयो।

## जानकारीको ढाँचा

*देहायका बुँदाहरू समेटिएका जानकारी उच्चायुक्तको कार्यालयलाई उपलब्ध गराउन सरोकारवालाहरूलाई आह्वान गरिन्छ:*

- परिषद्को **निर्णय ६/१०२** मा तोकिएको यूपीआरअन्तर्गतको जानकारीको तयारीका लागि सामान्य मार्गनिर्देशिकाको संरचना अवलम्बन गर्ने (अघिल्लो खण्ड हेर्नुहोस्)।
- पाँच पृष्ठभन्दा लामो हुन नहुने, वा सरोकारवालाहरूको ठूलो गठबन्धन भएमा १० पृष्ठभन्दा बढी हुन नहुने,
- अधिकतम चार वर्षको अवधि समेटेको हुनुपर्ने;

- संयुक्त राष्ट्रसङ्घको औपचारिक भाषा, मुख्यरूपले अङ्ग्रेजी, फ्रान्सेली वा स्पेनेलीमा लेखिएको हुनुपर्ने;
- जानकारी प्रस्तुत गर्ने निकायका उद्देश्यहरू तथा कार्यबारे छोटो अनुच्छेदमा जानकारी दिनुपर्ने;
- सामान्य वर्ड प्रोसेसिङको ढाँचामा अनुच्छेद र पृष्ठमा अङ्क लेखिएको हुनुपर्ने। मुख्य बुँदाहरूलाई सङ्क्षेप गरिएको एउटा परिचयात्मक अनुच्छेद हुनुपर्ने;
- जानकारीका सम्बन्धमा प्रमुख शब्दहरूको सङ्केत गर्नुपर्ने (उदाहरणार्थ, घरेलु हिंसा);
- मानवअधिकार सन्धि निकायहरू वा मानवअधिकार परिषद्का विशेष कार्यदिशवाहकका अन्तिम निष्कर्ष तथा सिफारिसहरूले कतिसम्म कार्यान्वयन भएको छ भन्नेबारे उल्लेख गर्नसक्ने भए पनि त्यसलाई पुनरुत्पादन गर्नबाट जोगिने; र
- अन्य सङ्गठनका प्रतिवेदन उद्धरण गर्न वा अनुसूचीमा राख्नबाट जोगिने।

निम्न कुरामा ध्यान दिनुहोस्:

- ५ वा १० पृष्ठभन्दा लामो जानकारीमाथि विचार गरिने छैन;
- संयुक्त राष्ट्रसङ्घका ६ वटा औपचारिक भाषाबाहेक अन्य भाषामा प्राप्त जानकारीमाथि विचार गरिने छैन;
- तोकिएको समयसीमा भन्दा पछि पेस गरिएका जानकारीमाथि विचार गरिने छैन; र
- प्रस्टसँग गालीगलोजपूर्ण भाषा (उदाहरणार्थ, हिंसा भड्काउने, नितान्त जातिवादी भाषा) प्रयोग गरिएका जानकारीमाथि विचार गरिनेछैन।

कार्यसमूहको प्रत्येक बैठकमा पेस गर्नुपर्ने विशिष्ट समयसीमाका लागि उच्चायुक्तको कार्यालयको यूपीआर खण्ड नियमित रूपमा हेर्न नागरिक समाजका पात्रहरूलाई प्रोत्साहन गरिन्छ। **सरोकारवालाद्वारा तयार पारिएको जानकारी सामान्यतया कार्यसमूहको सत्रभन्दा सात महिनाअघि उच्चायुक्तको कार्यालयमा पेस गरिनुपर्छ।**

सरोकारवालाहरूको सङ्कलनमा उच्चायुक्तको कार्यालयद्वारा विचारविमर्श तथा सम्भाव्य समावेशका लागि जानकारी पेस गर्न चाहने नागरिक समाजका पात्रहरूले आफ्नो सामग्री UPRsubmissions@ohchr.org मा पठाउनुपर्छ।

नागरिक समाजका पात्रहरूलाई आफ्नो जानकारी उच्चायुक्तको कार्यालयको सचिवालयमा फ्याक्स वा हुलाकमार्फत् पठाउन प्रोत्साहन नगरिने भए पनि विद्युतीय डाँकमा प्राविधिक कठिनाइ भए उनीहरूले निम्न नम्बरमा फ्याक्स गर्न सक्छन्: +४१ (०)२२ ९१७ ९० ११।

नागरिक समाजका पात्रहरूलाई **सरोकारवालाहरूको जानकारी पेस गर्ने प्राविधिक मार्गनिर्देशिका** हेर्न पनि प्रोत्साहन गरिन्छ।

**ग. विश्वव्यापी आवधिक समीक्षासम्बन्धी कार्यसमूहका बैठकमा भाग लिने**

इकोसोकसँग परामर्शदातृ सम्बन्ध भएका गैससहरूले मान्यता पाएपछि यूपीआरसम्बन्धी कार्यसमूहका सत्रहरूमा भाग लिन सक्छन् तर बैठकमा मौखिक धारणा राख्न सक्दैनन्।

यूपीआरसम्बन्धी कार्यसमूहका बैठकमा भाग लिन कसरी मान्यता प्राप्त गर्ने भन्ने जानकारीका लागि उच्चायुक्तको कार्यालयको वेबसाइट हेर्नुहोस्।

## जानकारी सत्रहरू

इकोसोकसँग परामर्शदातृ हैसियत भएका गैससहरूले कार्यसमूहको बैठकमा भाग लिन मान्यता पाएपछि कार्यसमूहको सत्रका क्रममा जानकारी सत्र राख्ने व्यवस्था मिलाउन सक्छन्। त्यस्तो सत्र राख्न इच्छुक गैससहरूले **यूपीआर सचिवालयमा** सम्पर्क गर्नुपर्छ।

**घ. मानवअधिकार परिषद्को बैठकमा भाग लिने**

इकोसोकसँग परामर्शदातृ हैसियत भएका गैससहरूले मान्यता पाएपछि तिनले मानवअधिकार परिषद्का नियमित सत्रहरूमा भाग लिन पाउँछन् र त्यसमा यूपीआरका अन्तिम दस्तावेजमाथि विचार गरी पारित गरिन्छ।

**इकोसोकसँग परामर्शदातृ हैसियत भएका गैससहरूलाई मानवअधिकार परिषद्द्वारा अन्तिम दस्तावेज पारित गरिनुअघि सङ्क्षेपमा सामान्य टिप्पणी गर्ने अवसर दिइन्छ।**

मानवअधिकार परिषद्का सत्रहरूमा भाग लिन कसरी मान्यता प्राप्त गर्ने भन्ने सम्बन्धमा यस *हातेपुस्तक*को परिच्छेद ५ (मानवअधिकार परिषद्) हेर्नुहोस्।

**ङ समीक्षाका निष्कर्षहरूमा अनुवर्ती कार्य गर्ने**

प्रस्ताव ५/१ ले आफ्ना समीक्षाका निष्कर्षहरू (निष्कर्ष तथा सिफारिस, र स्वैच्छिक प्रतिज्ञा तथा प्रतिबद्धताहरू)को कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी राज्यमाथि नै हुने व्यवस्था गरेको छ। **प्रस्ताव ५/१ ले नागरिक समाजका पात्रलगायत अन्य सम्बद्ध सरोकारवालाहरूले कार्यान्वयनमा खेल्ने भूमिका पनि उल्लेख गरेको छ।**

गैसस, प्राज्ञिक संस्था, सञ्चारमाध्यम, ट्रेड युनियन तथा पेसागत समूहजस्ता नागरिक समाजका पात्रहरूले यूपीआरका निष्कर्षहरूका अनुवर्ती कार्यमा कैयौं तरिकाले काम गर्न सक्छन्। उदाहरणार्थः

- राष्ट्रलाई उसका दायित्वहरू पूरा गर्न मद्दत गर्न राष्ट्रिय निकायहरू (सरकार, संसद्, न्यायपालिका तथा राष्ट्रिय मानवअधिकार संस्था)सँग काम गर्ने; नागरिक समाजले राष्ट्रिय कानुन सुधारलाई प्रवर्द्धन तथा

तथा राष्ट्रिय नीति तयार पार्ने कार्यमा प्रायः उत्प्रेरकको भूमिका खेल्छ। उसले यूपीआरका निष्कर्षहरूलाई राष्ट्रका सङ्गठनहरूसँगको संवाद तथा आफ्नै कार्य योजनाको परिभाषा गर्ने आधारका रूपमा पनि प्रयोग गर्न सक्छ;

- मानवअधिकारको स्थिति तथा यूपीआरका निष्कर्षहरूलाई कार्यान्वयन गर्न स्थानीय रूपमा चालिएका कदमहरूको अनुगमन गर्ने;
- यूपीआर, राष्ट्रहरूले कार्यान्वयन गर्नुपर्ने निष्कर्षहरू तथा राष्ट्रिय रूपमा मानवअधिकारको उपभोगमा सुधार ल्याउन निष्कर्षहरूलाई कसरी प्रयोग गर्न सकिन्छ भन्नेबारे जनचेतना अभिवृद्धि गर्ने। विषयगत छलफल, गोलमेच, गोष्ठी तथा कार्यशालाको आयोजना, यूपीआरका निष्कर्षहरूको अनुवाद तथा प्रकाशन र राष्ट्रिय मानवअधिकार संस्था तथा राष्ट्रिय सञ्चार माध्यमहरूसँग काम गरेर तथा आम जनता र नागरिक समाजमाझ यूपीआरका निष्कर्षहरूबारे जनचेतना अभिवृद्धि गरेर यो काम गर्न सकिन्छ;
- आउँदो आवधिक समीक्षाका लागि जानकारी तयारी गर्न राष्ट्रिय सङ्गठनहरूसँग संलग्न हुने; र
- उच्चायुक्तको कार्यालयसमक्ष यूपीआरका निष्कर्षहरूको कार्यान्वयनसम्बन्धी अनुवर्ती कार्यहरूको तयारी तथा जानकारी पेस गर्न नागरिक समाजका अन्य पात्रहरूसँग सहकार्य गर्ने।

### यूपीआर निष्कर्षमाथिको अनुवर्ती कार्य

***यूपीआरसम्बन्धी कार्यसमूहद्वारा पारित प्रतिवेदनमाथिको अनुवर्ती कार्य***

सन् २००८ अप्रिलमा कार्यसमूहको ब्राजिलसम्बन्धी प्रतिवेदनको समीक्षा र पारितपछि ब्राजिली मानवअधिकार सङ्गठन **कोनेक्टास**ले देहायका कार्यहरू गऱ्यो:

- यसले कार्यसमूहको प्रतिवेदनमा रहेका सिफारिस र स्वैच्छिक प्रतिबद्धताहरूलाई पोर्चुगेली भाषामा अनुवाद गऱ्यो;
- यसले कार्यसमूहको प्रतिवेदनको विषयवस्तुको विश्लेषण गऱ्यो। मानवअधिकार परिषद्को आठौं बैठकमा मौखिक रूपमा प्रस्तुत भई कोनेक्टासद्वारा पहिचान गरिएका त्यसका निष्कर्षहरूमाथि ब्राजिली सरकारको ध्यानाकर्षण गराइएको थियो; र
- ब्राजिली गैससहरूको गठबन्धन (**Comitê Brasileiro de Direitos Humanos e Política Externa**) सँगको सहकार्यमा कोनेक्टासले ब्राजिली संसद्को मानवअधिकार आयोगसँग यूपीआर प्रक्रियाका सम्बन्धमा सार्वजनिक छलफलको आयोजना गऱ्यो। बैठकमा ब्राजिलको समीक्षाको वेब प्रसारणका केही भाग देखाइएको थियो।

***मानवअधिकार परिषद्द्वारा पारित यूपीआर प्रतिवेदनमाथिको अनुवर्ती कार्य***

परिषद्ले ब्राजिलसम्बन्धी अन्तिम प्रतिवेदनलाई पारित गरेयता कोनेक्टासले देहायका कार्य गरेको छः

- यूपीआरका निष्कर्षहरूको कार्यान्वयनमा ब्राजिलले गरेको प्रगतिको मूल्याङ्कन गर्ने सन्दर्भमा विशिष्ट मुद्दाहरूमा काम गर्ने गैससहरूसँग साझेदारी स्थापना गरेर यूपीआरका

| | | |
|---|---|---|
| सिफारिसहरू तथा स्वैच्छिक प्रतिबद्धताहरूमाथिको अनुवर्ती कार्य; र<br>• यूपीआरका सिफारिसहरूको कार्यान्वयन गर्ने तथा स्वैच्छिक प्रतिबद्धताहरू हासिल गर्ने ठोस | कदमहरूको पहिचान गर्न चालु प्रक्रियामा सरकारसँग सहकार्य गर्ने।<br><br>कोनेक्टासले अर्जेन्टिना, पेरु, फिलिपिन्स तथा दक्षिण अफ्रिकाको समीक्षामा सहयोग गर्न ती देशस्थित | आफ्ना साझेदार सङ्गठनहरूसँग पनि आफ्ना अनुभवहरू बाँडेको छ। |

## उच्चायुक्तको कार्यालयका स्रोतहरू

### विश्वव्यापी आवधिक समीक्षाको वेबपृष्ठ

नागरिक समाजका पात्रहरूलाई कार्यसमूहका सत्रहरूबारे अद्यावधिक हुन तथा जानकारी पाउन उच्चायुक्तको कार्यालयको वेबसाइटको यूपीआर खण्ड नियमित रूपमा हेर्न प्रोत्साहन गरिन्छ।

### मानवअधिकार परिषद् वेबपृष्ठ

नागरिक समाजका पात्रहरूलाई मानवअधिकार परिषद्का सत्रहरूबारे अद्यावधिक हुन तथा जानकारी पाउन उच्चायुक्तको कार्यालयको वेबसाइटको परिषद्को खण्ड हेर्न प्रोत्साहन गरिन्छ।

### एक्स्ट्रानेट

**एक्स्ट्रानेट** मानवअधिकार परिषद्को वेबपृष्ठसँग गाँसिएको हुन्छ। यसमा कार्यसमूहको प्रत्येक बैठकको जानकारीसहितको आफ्नै यूपीआर पृष्ठ रहेको हुन्छ, जसमा देहायका लगायतका कुरा हुन्छन्ः

- सत्रमा समीक्षा गरिएका (गरिने) राष्ट्रहरू;
- समीक्षा गरिने वा गरिएका आधारहरू भएका दस्तावेजहरू;
- परिषद्का सदस्य राष्ट्रहरूद्वारा समीक्षाअन्तर्गतका राष्ट्रहरूमा समीक्षाभन्दा पहिल्यै पेस गरिएका प्रश्नहरू;
- समीक्षामा सदस्य र पर्यवेक्षक राष्ट्रहरूले दिएका मौखिक वक्तव्य; र
- कार्यसमूहद्वारा पारित अन्तिम दस्तावेजहरू।

पासवर्डबाट संरक्षण गरिएको एक्स्ट्रानेट पृष्ठ हेर्न उपलब्ध अनलाइन फारम भर्नुहोस्। यसो गरिसकेपछि तपाईंले इमेलबाट प्रयोगकर्ताको नाम र पासवर्ड पाउनुहुनेछ।

### वेब प्रसारण

कार्यसमूहका सत्रहरू मानवअधिकार परिषद्को वेब प्रसारणबाट प्रत्यक्ष हेर्न सकिन्छ। वेब प्रसारण साइटमा त्यसका अघिल्ला सत्रहरूका सङ्ग्रहित भिडियो पनि हुन्छ। वेब प्रसारण हेर्न तपाईंले उपयुक्त सफ्टवेयर डाउनलोड गर्नुपर्छ।

उच्चायुक्तको कार्यालयको वेबसाइटको मानवअधिकार परिषद् पृष्ठमा वेब प्रसारण सेवा उपलब्ध छ।

# कोष र अनुदान

थुप्रै कोष र अनुदानहरू छन् जसमध्ये केही **संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय** (उच्चायुक्तको कार्यालय) द्वारा प्रत्यक्ष व्यवस्थापन गरिएका छन् र यिननले गैरसरकारी सङ्गठन (गैसस), जनस्तरका सङ्गठनहरू, पेसागत सङ्घ र व्यक्तिलगायत नागरिक समाजका सदस्यहरूलाई लाभ पुर्‍याएका छन्। यिनले मानवअधिकारका केही खास क्षेत्रहरूमा नागरिक समाजका गतिविधिहरूलाई आर्थिक सहायता प्रदान गर्न सक्छन्।

**कोष**ले आफ्नो कार्यादेशभित्रका गतिविधिहरूलाई सघाउन आर्थिक अनुदान उपलब्ध गराउँछन्। उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसङ्घका अन्य कार्यालयहरूले केही खास परिस्थितिमा नागरिक समाजका पात्रहरूलाई सहयोग गर्न केही लगानी र अनुदानको व्यवस्था गरेका छन्। ती कोषहरूले आफ्नो कार्यादेशअनुसार वितरणका लागि सरकार, गैससहरू, अन्य निजी वा सार्वजनिक सङ्घसंस्था र व्यक्तिहरूबाट स्वैच्छिक आर्थिक सहायता प्राप्त गर्छन्।

गैसस, जनस्तरका सङ्गठनहरू, सामुदायिक समूह र पेसागत सङ्घजस्ता नागरिक समाजका सङ्गठनहरू सामान्यतया यी कोष र अनुदानका लागि आवेदन दिन योग्य हुन्छन्। यदाकदा व्यक्तिहरूले पनि लगानीका लागि आवेदन दिन सक्छन्। आवेदन दिन चाहने नागरिक समाजका पात्रहरूले मार्गनिर्देशिकालाई सावधानीपूर्वक समीक्षा गरेर आफूले प्रशासकीय र अन्य आवश्यकता पूरा गरेको कुरालाई सुनिश्चित गर्नुपर्छ।

**यी कुनै पनि कोष वा अनुदानमा सहभागी बन्न वा पहुँच पाउनका लागि गैसस र नागरिक समाजका अन्य सङ्गठनहरूलाई संयुक्त राष्ट्रसङ्घीय आर्थिक तथा सामाजिक परिषद् (इकोसोक)सँग परामर्शदातृ हैसियत हुनु आवश्यक पर्दैन।**

## क. कोष र अनुदान भनेका के हुन् ?

उच्चायुक्तको कार्यालयद्वारा सञ्चालन गरिएका कोष र लगानी देहायका छन्ः

- **यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष**ले यातना पीडित तथा तिनका परिवारहरूलाई चिकत्सकीय, मनौवैज्ञानिक, सामाजिक, आर्थिक, कानुनी, मानवीय वा अन्य प्रकारको सहायता प्रदान गर्ने नागरिक समाजका पात्रहरूलाई अनुदान प्रदान गर्छ। विशेषगरी, गैसस, विशिष्टीकृत पुनर्स्थापना केन्द्र, पीडितका सङ्गठन, प्रतिष्ठान तथा अस्पताल र अलि थोरै मात्रामा व्यक्तिगत मानवअधिकार रक्षक – उदाहरणार्थ, पीडितका तर्फबाट काम गर्ने वकिलहरू – योग्य नागरिक समाजका पात्रहरूमा पर्दछन्;
- **आदिवासीहरूका लागि स्वैच्छिक कोष**ले आदिवासीका मुद्दाहरूसँग सम्बन्धित संयुक्त राष्ट्रसङ्घीय बैठकहरूमा आदिवासी समुदायका प्रतिनिधि तथा सङ्गठनहरूलाई भाग लिन सघाउन भ्रमण अनुदान उपलब्ध गराउँछ;
- **दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक गुठी कोष**ले दासत्वको समकालीन स्वरूपबाट पीडित भएकाहरूलाई सहायता गर्ने विशेषगरी गैसस, समुदाय तथा युवा समूहहरू, ट्रेड युनियन वा पेसागत सङ्घजस्ता नागरिक समाजका सङ्गठनहरूलाई साना आयोजनाका लागि अनुदान प्रदान गर्छ; र
- **"समुदायहरूलाई संयुक्त रूपमा सहायता गर्ने" (एसीटी)** आयोजनाले स्थानीय मानवअधिकार प्रशिक्षण तथा शिक्षासम्बन्धी पहलहरूमा सहायता गर्न सानो अनुदान प्रदान गर्छ।

महत्त्वपूर्ण मुद्दाहरूमा नागरिक समाजका गतिविधिहरूमा सहायता गर्ने दुईवटा अन्य कोषहरूलाई पनि यस परिच्छेदमा सम्बोधन गरिएको छः

- **संयुक्त राष्ट्रसङ्घीय लोकतन्त्र कोष**ले प्रजातान्त्रिक संस्थाको निर्माण तथा सुदृढीकरण, मानवअधिकारको प्रवर्द्धन र प्रजातान्त्रिक प्रक्रियामा सबै समूहको सहभागिता सुनिश्चित गर्ने आयोजनाहरूलाई रकम प्रदान गर्छ।
- **अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष**ले **अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि**को कार्यान्वयनमा भाग लिने नागरिक समाजका सङ्गठनहरूको क्षमता अभिवृद्धिमा सहायता गर्न सानो अनुदान प्रदान गर्छ।

संयुक्त राष्ट्रसङ्घका अन्य कार्यालयद्वारा सञ्चालित भए तापनि यी दुवै कोषहरूमा उच्चायुक्तको कार्यालयको निर्दिष्ट भूमिका रहेको छ।

## सम्पर्क विवरण

*उच्चायुक्तको कार्यालयद्वारा सञ्चालित कोषहरू*

### यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष

United Nations Voluntary Fund for Victims of Torture
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९१७९३ १५
फ्याक्स: +४१ (०)२२ ९१७९० १७
इमेल: **unvfvt@ohchr.org**

### आदिवासीहरूका लागि स्वैच्छिक कोष

Voluntary Fund for Indigenous Populations
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९२८ ९१ ६४ वा +४१ (०)२२ ९२८ ९१ ४२
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६६
इमेल: **IndigenousFunds@ohchr.org**

### दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष

United Nations Voluntary Fund on Contemporary Forms of Slavery
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९२८ ९३ ८१ वा +४१ (०)२२ ९२८ ९१ ६४
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६६
इमेल: **SlaveryFund@ohchr.org**

### "समुदायहरूलाई संयुक्त रूपमा सहायता" (एसीटी)

**ACT Project**
**Office of the United Nations High Commissioner for Human Rights**
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६१
इमेल: **ACTProject@ohchr.org**

*संयुक्त राष्ट्रसङ्घका अन्य कार्यालयद्वारा सञ्चालित र उच्चायुक्तको कार्यालयको निर्दिष्ट भूमिका रहेका कोषहरू*

**संयुक्त राष्ट्रसङ्घीय प्रजातन्त्र कोष**

United Nations Democracy Fund (UNDEF)
United Nations
One UN Plaza, Room DC1-1330
New York, NY 10017
United States of America
फोन: +१ ९१७ ३६७ ४२ १० वा +१ ९१७ ३६७ ८० ६२
फ्याक्स +१ २१२ ९६३ १४ ८६
इमेल: **democracyfund@un.org**

**अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष**

Secretariat for the Convention on the Rights of Persons with Disabilities
Department for Economic and Social Affairs
United Nations
Two UN Plaza, DC2-1372
New York, NY 10017
United States of America
फ्याक्स: +१ २१२ ९६३ ०१ ११
इमेल: **enable@un.org**

## ख. कोष र अनुदानले कसरी काम गर्छन् ?

### १. यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष

**यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष**को कार्यादेश भनेको प्राय: गैसस, विशिष्टीकृत पुनर्स्थापना केन्द्र, पीडितहरूका सङ्गठन, प्रतिष्ठान र अस्पताल र अलि थोरै मात्रामा व्यक्तिगत मानवअधिकार रक्षकहरूजस्ता नागरिक समाजका पात्रहरूको स्थापित सहायता माध्यममार्फत् यातना पीडित र तिनका परिवारका सदस्यहरूलाई मानवीय सहायता (चिकत्सकीय, मनोवैज्ञानिक, कानुनी, सामाजिक र आर्थिक) गर्ने आयोजनाहरूलाई **अनुदान** प्रदान गर्नु हो। सरकारी, संसदीय वा प्रशासकीय निकाय, राजनीतिक दल वा राष्ट्रिय मुक्ति आन्दोलनहरूबाट आउने आवेदन अस्वीकार्य हुन्छन्।

यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष उच्चायुक्तको कार्यालयद्वारा व्यवस्थापन गरिएको सबैभन्दा ठूलो कोष हो र यसले ६० भन्दा बढी देशमा नागरिक समाजका पात्रहरूद्वारा कार्यान्वयन गरिएका आयोजनाहरूलाई योगदान पुऱ्याएको छ। सञ्चालक बोर्ड (बोर्ड अफ ट्रस्टिज)को सल्लाहमा संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा यसको व्यवस्थापन हुन्छ। सो बोर्डको बैठक वर्षको दुईपल्ट बस्छ- फेब्रुअरीमा नीतिगत मुद्दाहरूमा

दाताहरूसँग बैठक गरी यातना पीडितहरूलाई सहायता प्रदान गर्ने सम्बन्धमा नीतिगत मुद्दाहरूमा छलफल गर्छ।

कोषको सचिवालय तथा बोर्ड जेनेभास्थित उच्चायुक्तको कार्यालयमा रहेका छन्। आयोजनाका लागि अनुदानसम्बन्धी आवेदनहरूलाई स्वीकार गर्ने/नगर्ने कुरा सचिवालयले निर्धारण गर्छ भने उत्कृष्टताका आधारमा आवेदनमाथि निर्णय दिने जिम्मा बोर्डमा रहेको हुन्छ। बोर्डले देहायका समेत कैयौं कुराहरूमाथि विचार गर्छः

- आयोजनाद्वारा सहायता गरिने यातना पीडित तथा तिनका परिवारका सदस्यहरूको सङ्ख्या;
- पाएको यातनाको प्रकार र पछि भोगेको असर;
- आवश्यक सहायताको प्रकार;
- यातना पीडितहरूलाई सहायता गर्ने आयोजनाका कर्मचारीहरूको पेसागत अनुभव;
- सहायता गरिने पीडितहरूको घटना अध्ययन; र
- प्राथमिकताप्राप्त क्षेत्रहरू अफ्रिका, एसिया, मध्य एसिया र पूर्वी यूरोपमा यातना पीडितहरूलाई मानवीय सहायता प्रदान गर्ने साना आयोजनाहरू, जसमध्ये अधिकांशले अत्यन्त कम रकम पाएका छन्, लाई सहायता गर्नुपर्ने आवश्यकता।

कोषको अनुदान १२ महिनाका लागि हुन्छ। आयोजनाको निरन्तरताका लागि नयाँ आवेदन पेस गर्न सकिन्छ र बोर्डद्वारा **अघिल्लो अनुदानको प्रयोगसम्बन्धी** सन्तोषप्रद **विवरण, आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन** पाइएमा नयाँ अनुदानको सिफारिस गर्न सकिन्छ।

अनुदान चक्र प्रत्येक वर्ष देहायअनुसार हुन्छः

- अघिल्ला अनुदानको प्रयोगसम्बन्धी आवेदन र प्रतिवेदन प्राप्त गर्ने समयसीमाः **अप्रिल १**;
- आवेदनमाथि सचिवालयको विश्लेषण एवं स्वीकार्य आवेदकहरूकहाँ प्रारम्भिक जाँच भ्रमणः **अप्रिलदेखि सेप्टेम्बरसम्म;**
- सञ्चालक बोर्डको बैठकः **अक्टोबर**;
- बोर्डको सिफारिसबारे आवेदकहरूलाई जानकारीः **नोभेम्बर;**
- अनुदान भुक्तानीः **आवेदन दिएपछिको वर्षको जनवरी**।

## यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोषमाथि कसरी पहुँच पाउने

**अनुदानका लागि को योग्य छ?**

- गैरसरकारी निकायहरूले मात्र आवेदन दिन पाउँछन्। यसमा गैसस, विशिष्टीकृत पुनर्स्थापना केन्द्र, पीडितहरूको सङ्गठन, प्रतिष्ठान र अस्पताल तथा अलि कम मात्रामा पीडितका तर्फबाट काम गर्ने व्यक्तिगत मानवअधिकार रक्षकहरू – उदाहरणार्थ, पीडितका तर्फबाट काम गर्ने वकिलहरू – पर्दछन्।
- सरकार, राष्ट्रिय मुक्ति आन्दोलन वा राजनीतिक दलहरूबाट आएका आवेदनहरू स्वीकार्य हुँदैनन्।

- यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायबाट सबै व्यक्तिको संरक्षणसम्बन्धी घोषणापत्रको धारा १ मा उल्लेख गरिएअनुसारका यातना पीडितहरू वा तिनका परिवारका आफ्नै सदस्यहरू यी आयोजनाका प्रत्यक्ष लाभग्राही हुनुपर्छ।
- आयोजनामा संलग्न कर्मचारीसँग यातनाका पीडितहरूलाई प्रत्यक्ष सहायता गरेको अनुभव हुनुपर्छ र अनुदानका लागि अनुरोध पेस गरेको समयमा सो आयोजना सञ्चालन भइरहेको हुनुपर्छ।
- उच्चायुक्तको कार्यालयको वेबसाइटमा उपलब्ध कोषको अनलाइन आवेदन फारमको प्रयोग गरेर आवेदन दिनुपर्छ।
- आवेदन प्रत्येक वर्षको अप्रिल १ अघि नै कोषको सचिवालयमा पेस गरिएको हुनुपर्छ।

कोषका लागि पहिलोपटक आवेदन दिनेले:

- आफ्नो सङ्गठनको पृष्ठभूमिबारे जानकारी उपलब्ध गराउनुपर्छ;
- आफ्ना कर्मचारीहरूसँग यातना पीडितहरूलाई प्रत्यक्ष सहायता उपलब्ध गराउने सन्दर्भमा प्रत्यक्ष अनुभव रहेको देखाउनुपर्छ (व्यक्तिगत विवरण नत्थी गरिएको हुनुपर्छ);
- आयोजनाको उद्देश्य तथा औचित्यबारे बताउनुपर्छ; र
- सङ्गठनको विधान उपलब्ध गराउनुपर्छ।

**कस्ता प्रकारका आयोजनाहरू स्वीकार गरिन्छन्?**

- अनुदानका लागि दिइने आवेदनहरूले यातना पीडित तथा तिनका परिवारका सदस्यहरूलाई चिकित्सकीय, सामाजिक, कानुनी, मानवीय वा अन्य प्रकारका सहायता प्रदान गर्ने उद्देश्य राखेको हुनुपर्छ;
- पीडितहरूलाई नै व्यावसायिक प्रशिक्षण दिनेलगायत यातना पीडितहरूको समाजमा आर्थिक वा सामाजिक पुनःएकीकरणसँग सम्बन्धित आवेदनहरू स्वीकार गरिन्छन्;
- रकमको उपलब्धताअनुसार यातना पीडितहरूको उपचारमा विशेष रूपमा संकेन्द्रित पेसाकर्मीहरूलाई प्रशिक्षण दिन वा सम्मेलन र गोष्ठीहरूको आयोजना गर्न पनि केही सीमित अनुदानहरू दिन सकिन्छ;
- यातनाविरुद्धको अभियान सञ्चालन गर्ने, यातना हुन नदिने वा अन्य आयोजनाहरूलाई आर्थिक सहायता उपलब्ध गराउने उद्देश्य राखेका आयोजनाको आवेदन स्वीकार गरिने छैन;
- अनुसन्धान, अध्ययन, समाचार पत्रिका प्रकाशन वा त्यस्तै प्रकारका अन्य गतिविधिहरूसँग सम्बन्धित आयोजनाको आवेदन स्वीकार गरिने छैन;
- नियमानुसार, नयाँ गैसस वा अन्य नागरिक समाजको सङ्गठनको स्थापना गर्न लगानी गर्ने उद्देश्य राख्ने आयोजनाको आवेदन स्वीकारिने छैन;
- यातना पीडितहरूलाई प्रत्यक्ष कानुनी सहायता प्रदान गर्ने आयोजनाका लागि आवेदन दिने गैसस तथा नागरिक समाजका अन्य पात्रहरूले राष्ट्रिय कानुनअनुरूप पीडितहरूको प्रतिरक्षाका लागि न्यायपालिकाले निःशुल्क कानुनी सहायता उपलब्ध गराउन सक्छ कि सक्दैन भन्ने जानकारी पनि उपलब्ध गराउनुपर्छ। कानुनी सहायताअन्तर्गत सहयोग गरिने पीडितहरूको सूची आवेदन फारमसँगै उपलब्ध गराउनुपर्छ;
- कोषले पीडितहरूलाई आर्थिक क्षतिपूर्ति उपलब्ध गराउँदैन।

### आपत्कालीन अनुदान

कोषद्वारा हाल अनुदान पाएका र आर्थिक कठिनाइ झेल्नुपरेका आयोजनाहरूका लागि बोर्डको दुईवटा सत्रहरूबीचको अवधिमा नागरिक समाजका पात्रहरूले अपवादका रूपमा आपत्कालीन सहायताका लागि अनुरोध गर्न पाउँछन्। नागरिक समाजका पात्रहरूले आपत्कालीन रकमका लागि गरिने आफ्नो अनुदान सचिवालयका आवेदन फारमबाट पठाउनुपर्छ र आफूहरूलाई आपत्कालीन आर्थिक सहायता किन चाहिएको हो भनेर खुलाइएको विस्तृत विवरणसहितको पत्र पनि पठाउनुपर्छ। सहायता गरिएका पीडितहरूको सङ्ख्यामा अचानक वृद्धि हुनेगरी अनुमान गर्नै नसकिने स्थिति सृजना भएको अवस्थामा मात्र आवेदन योग्य भएको मानिनेछ (उदाहरणार्थ, मानवीय सङ्कटले गर्दा यातना पीडितको सङ्ख्या बढेमा)।

### आवेदन कहाँ पेस गर्ने

**United Nations Voluntary Fund for Victims of Torture**
**Office of the United Nations High Commissioner for Human Rights**
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९१७९३१५
फ्याक्स: +४१ (०)२२ ९१७९०१७
इमेल: **unvfvt@ohchr.org**

**आवेदन पेस गर्दा कृपया देहायका कुरामा ध्यान दिनुहोलाः**

- कोषको आवेदन फारमको प्रयोग नगर्ने, अनुरोध गरिएका सबै जानकारी उपलब्ध नगराउने, आयोजनाका प्रमुखद्वारा हस्ताक्षार नगरिएका र मिति नलेखिएका वा कुनै पनि रूपबाट कोषको मार्गनिर्देशिकाअनुसार नभएका आवेदनहरूलाई कोषको सचिवालयले स्वीकार गर्ने छैन।
- आवेदन अङ्ग्रेजी, फ्रान्सेली वा स्पेनेली भाषामा दिन सकिन्छ।

**यातना पीडितका लागि संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोषसम्बन्धी थप जानकारीका लागि** उच्चायुक्तको कार्यालयको वेबसाइट हेर्नुहोस्।

## २. आदिवासीहरूका लागि स्वैच्छिक कोष

**आदिवासीहरूका लागि स्वैच्छिक कोष**ले आदिवासीको अधिकारसम्बन्धमा कार्यरत संयुक्त राष्ट्रसङ्घका दुईवटा निकायहरूमा आदिवासी समुदाय तथा सङ्गठनका प्रतिनिधिहरूको सहभागितालाई सघाउँछः

- **आदिवासी जनजातिको अधिकारसम्बन्धी विशेषज्ञ संयन्त्र**; र

- **आदिवासीहरूका मुद्दासम्बन्धी स्थायी मञ्च।**

आदिवासी जनजातिको अधिकारसम्बन्धी विशेषज्ञ संयन्त्र मानवअधिकार परिषद्को नयाँ संयन्त्र हो जसले मानवअधिकारको प्रवर्द्धन र संरक्षणसम्बन्धी पूर्व उपआयोगको आदिवासीहरूको कार्यसमूहलाई प्रतिस्थापन गर्‍यो।

**विशेषज्ञ संयन्त्र**सम्बन्धी थप जानकारीका लागि यस *हातेपुस्तक*को परिच्छेद ५ (**मानवअधिकार परिषद्**) हेर्नुहोस्।

संयुक्त राष्ट्रसङ्घीय **आर्थिक तथा सामाजिक परिषद्**को सल्लाहकारी निकायका रूपमा रहेको आदिवासीहरूको अधिकारसम्बन्धी स्थायी मञ्च भनेको आदिवासीका मुद्दाहरूका सम्बन्धमा अन्तरनिकाय सहयोगलाई योगदान गर्ने न्युयोर्कस्थित एक उच्चस्तरीय निकाय हो। उच्चायुक्तको कार्यालयद्वारा व्यवस्थापन गरिएको आदिवासीहरूका लागि स्वैच्छिक कोषले आदिवासी जनजातिका प्रतिनिधिहरू तथा उनीहरूसँग कार्यरत सङ्गठनहरूलाई यी निकायमा सहभागी हुन **भ्रमण अनुदान** उपलब्ध गराउँछ। यसरी आदिवासी नागरिक समाजका पात्रहरूले आफ्नो विशेषज्ञता उपलब्ध गराउन र सिकेका पाठहरूलाई आफ्नो देश लैजान पाउँछन्।
आदिवासीका मुद्दाहरूमा अनुभव भएका सञ्चालकहरूको बोर्ड (बोर्ड अफ ट्रस्टिज)को सल्लाहमा संयुक्त राष्ट्रसङ्घको आर्थिक नियमावली तथा नियमअनुसार महासचिवद्वारा यस कोषको व्यवस्थापन गरिएको छ।

## आदिवासीहरूका लागि स्वैच्छिक कोषमा पहुँच कसरी पाउने

स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नागरिक समाजका पात्रहरूको योगदान तथा सक्रिय संलग्नताले गर्दा आदिवासीहरूका मुद्दालाई अन्तर्राष्ट्रिय मञ्चमा लैजान उल्लेखनीय मद्दत पुर्‍याएको छ। आदिवासी जनजातिसँग कार्यरत नागरिक समाजका पात्रहरूकाका लागि तथा आदिवासीभित्रकै नागरिक समाजका समूहका लागि पनि आदिवासीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय निकायहरू कार्यका लागि महत्त्वपूर्ण औजार हुन्। कोषको भ्रमण अनुदानले यी निकायहरूमा सहभागी आदिवासी जनजातिहरूको सङ्ख्या र विविधतालाई वृद्धि गर्ने उद्देश्य राखेको छ।

### अनुदानका लागि को योग्य छ ?

आदिवासी जनताका सङ्गठन तथा समुदायका आदिवासी प्रतिनिधिहरू:

- जो अन्यथा विशेषज्ञ संयन्त्र वा स्थायी मञ्चको सत्रमा भाग लिन पाउँदैनन्; र
- जसले आदिवासीहरूलाई प्रभाव पार्ने समस्याहरूबारे विशेषज्ञ संयन्त्र वा स्थायी मञ्चमा गहन ज्ञान उपलब्ध गराउन सक्छन् र बृहत्तर भौगोलिक प्रतिनिधित्व भएका हुन्छन्।

### आवेदनका लागि आवश्यकता

- व्यक्तिगत आधारमा भ्रमण अनुदान दिइन्छ – एउटा लाभग्राहीलाई फेरेर अर्को लाभग्राही राख्न कुनै सङ्गठन वा लाभग्राहीले अनुरोध गर्न पाउँदैनन्;
- व्यक्तिहरूबाट दिइने आवेदनसँग तिनको आदिवासी सङ्गठनको कार्यकारीद्वारा हस्ताक्षर गरिएको सिफारिसपत्र हुनुपर्छ। आवेदनकर्ता आफैंले हस्ताक्षर गरेको पत्रको बोर्डले परीक्षण गर्ने छैन;
- एउटा सङ्गठनबाट अधिकतम दुईजना आवेदनकर्ताले आवेदन दिन सक्छन्,
- आवेदकहरूलाई बोर्डको सचिवालयमा काम गरिने भाषा (अङ्ग्रेजी, फ्रान्सेली वा स्पेनेली)मा आवेदन फारम तथा सिफारिसपत्र पेस गर्न अनुरोध गरिन्छ,
- आवेदनकर्ताहरूलाई आफ्नो सङ्गठन वा समुदायमा आफ्नो जिम्मेवारी के हो भनेर उल्लेख गर्न अनुरोध गरिन्छ,
- स्थायी मञ्चको सत्रमा भाग लिन पाउनेगरी बोर्डले कुनै आवेदकका पक्षमा गरेको सिफारिसले विशेषज्ञ संयन्त्रको सत्रमा भाग लिन र विशेषज्ञ संयन्त्रको सिफारिसले स्थायी मञ्चको सत्रमा भाग लिन गरेको अर्को सिफारिसलाई रोक्दैन।

## आवेदन कहाँ पेस गर्ने

अनुदानका लागि आवेदन फारमहरू उच्चायुक्तको कार्यालयको वेबसाइटमा उपलब्ध छन् र **प्रत्येक वर्ष अक्टोबर १** सम्ममा निम्न ठेगानामा पेस गरिसक्नुपर्छः

Voluntary Fund for Indigenous Populations
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९२८ ९१ ६४ वा +४१ (०)२२ ९२८ ९१ ४२
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६६
इमेल: **IndigenousFunds@ohchr.org**

**आदिवासी जनजातिसम्बन्धी उच्चायुक्तको कार्यालयबारे थप जानकारी लिन उच्चायुक्तको कार्यालयको वेबसाइट हेर्नुहोस्।**

## ३. दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक गुठी कोष

**दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक गुठी कोष**ले दासत्वका समकालीन स्वरूप (उदाहरणार्थ, बालश्रम, बेचबिखन, जबर्जस्ती श्रम)बाट पीडितहरूलाई सहायता गर्ने विशेषगरी गैसस, सामुदायिक तथा युवा समूह, ट्रेड युनियन वा पेसागत सङ्घजस्ता नागरिक समाजका सङ्गठनहरूलाई साना अनुदान उपलब्ध गराउँछ। दासत्वको समकालीन स्वरूपका कारण चरम रूपमा मानवअधिकारको उल्लङ्घन गरिएका व्यक्तिहरूलाई सहायता गर्ने स्थापित माध्यममार्फत् मानवीय, कानुनी तथा आर्थिक सहायता प्रदान गर्नु यी आयोजना अनुदानको उद्देश्य हो। यसले प्रायः जनस्तरमा काम गर्ने नागरिक समाजका पात्रहरूलाई तुलनात्मक रूपमा थोरै रकमले ठूलो सङ्ख्याका पीडितलाई प्रत्यक्ष सहायता गर्ने अवसर प्रदान गर्छ।

### दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक गुठी कोषमा पहुँच कसरी पाउने

आज नागरिक समाजका धेरै पात्रहरू विश्वका विभिन्न भागमा दासत्वको समकालीन स्वरूपहरूसँग लड्दै पीडितहरूको संरक्षण गरिरहेका छन्। दासत्वजस्ता प्रचलनहरू प्रायः गुप्त हुन्छन् र दासत्वको समकालीन स्वरूहरूसँग सम्बद्ध गोप्य मानवअधिकार उल्लङ्घनहरूलाई उजागर गर्न नागरिक समाजका पात्रहरूको महत्त्वपूर्ण भूमिका हुन सक्छ। "दासत्व" शब्दले आज विभिन्न प्रकारका मानवअधिकार उल्लङ्घनहरूलाई समेट्छ। परम्परागत दासत्व तथा दास व्यापारका अतिरिक्त यी दुर्व्यवहारभित्र बालबालिकाको बिक्री, बाल वेश्यावृत्ति, बाल अश्लील साहित्य, बालश्रम शोषण, बालिकाको यौनाङ्गच्छेदन, सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, ऋण बँधुवा, व्यक्ति बेचबिखन तथा मानव अङ्गको बिक्री, वेश्यावृत्तिको शोषण र रङ्गभेद तथा औपनिवेशिक शासनअन्तर्गतका केही प्रचलनहरू पर्दछन्।

विशेषगरी, गैसस, सामुदायिक तथा युवा समूह, ट्रेड युनियन वा पेसागत सङ्घजस्ता नागरिक समाजका सङ्गठनहरूका लागि दिइने **आयोजना अनुदानहरू**ले विश्वबाट दासत्व उन्मूलनमा नागरिक समाजको सहभागिता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ।

#### आयोजना अनुदानका लागि को योग्य छ ?

- दासत्वको समकालीन स्वरूपका कारण मानवअधिकारको उल्लङ्घन गरिएका व्यक्तिहरूलाई प्रत्यक्ष सहायता गर्ने सङ्गठनहरू। प्रदान गरिने अधिकांश अनुदानहरूमध्ये यो प्रत्यक्ष सहायताले ठूलो भाग ओगट्दछ। पीडितहरूलाई मानवीय, कानुनी तथा आर्थिक सहायता प्रदान गर्ने स्वीकृत तथा स्थापित नागरिक समाजका सङ्गठन वा जनस्तरका सञ्जालहरूमार्फत् रकम प्रापककहाँ पुऱ्याइन्छ;
- निवारात्मक उपाय र तालिमहरूमार्फत् पीडितहरूलाई अप्रत्यक्ष सहायता प्रदान गर्ने सङ्गठनहरू। छनोट गरिएका धेरै आयोजनामा पीडितहरूलाई आत्मनिर्भर तथा शोषणप्रति कम जोखिमपूर्ण बनाउन मद्दत गर्ने पुनर्स्थापना तथा शैक्षिक कार्यक्रम पर्दछन्।

## आवेदनका लागि आवश्यक पर्ने कुराहरू

- अनलाइन उपलब्ध हुने वास्तविक आवेदन फारम हवाई डाँकमार्फत् पठाउनुपर्छ र त्यसमा हस्ताक्षर गरिएको र मिति राखिएको हुनुपर्छ। अङ्ग्रेजी, फ्रान्सेली वा स्पेनेली भाषामा आवेदन पेस गर्न सकिन्छ;
- कुनै एक सङ्गठनले यस कोषबाट प्रति अनुदान अधिकतम १५,००० अमेरिकी डलरका लागि अनुरोध गर्न सक्छ;
- विश्वमा दासत्वको समकालीन स्वरूपसम्बन्धी यथासम्भव विस्तृत परिदृश्य उपलब्ध गराउन सबै भौगोलिक क्षेत्रबाट आयोजनाको छनोट गरिनेछ;
- आयोजनाले लैङ्गिक सन्तुलनलाई ध्यानमा राख्नुपर्नेछ;
- आयोजना अनुदान पीडित तथा स्थानीय नागरिक समाजका सङ्गठनहरूलाई प्रत्यक्ष सहायताका लागि विनियोजन गरिने छ। कुनै अन्तर्राष्ट्रिय सङ्गठनले आफ्ना गतिविधिहरूका लागि अनुदानको कुनै भाग नराख्ने भएमा अनुदानहरू अन्तर्राष्ट्रिय गैससमार्फत् पठाउन सकिन्छ;
- सचिवालयले अनुरोध गर्दागर्दै दोस्रोपटक स्मरण गराउँदा पनि थप सन्तोषजनक जानकारी नपाएमा बोर्डले त्यस्तो आवेदनमाथि विचार गर्ने छैन।

**दासत्वको समकालीन स्वरूपसम्बन्धी स्वैच्छिक कोषबाट लाभ पाइरहेका आयोजनाहरू**

**महिला सेवा समिति, भारतः** सन् २००५ मा २,००० अमेरिकी डलरबराबरको सहायताले बालश्रमबाट पीडित ८८ जनालाई प्राथमिक र पूर्वप्राथमिक विद्यालयमा भर्ना हुन मद्दत गऱ्यो र अध्ययन सामग्री उपलब्ध गरायो। यस आयोजनाले बालबालिकाको प्रगतिबारे बुझ्न प्रत्येक चार महिनामा अनुवर्ती मूल्याङ्कन गऱ्यो।

**जदाक्रिस, नाइजेरियाः** सन् २००६ मा मानव बेचबिखनका ३० जना पीडितहरूले आफ्नो जीविकोपार्जनमा सक्षम बन्न पुनर्स्थापना तथा पुनः प्रशिक्षणका लागि ६,४०० अमेरिकी डलर बराबरको सहयोग पाए।

## कहाँ आवेदन गर्ने

अनुदानका लागि प्रत्येक वर्षको सेप्टेम्बर १५ सम्ममा निम्न ठेगानामा आवेदन पेस गरिसक्नुपर्छः

United Nations Voluntary Fund on Contemporary Forms of Slavery
Office of the United Nations High Commissioner for Human Rights
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फोन: +४१ (०)२२ ९२८ ९३ ८१ वा +४१ (०)२२ ९२८ ९१ ६४
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६६
इमेल: SlaveryFund@ohchr.org

**आवेदकहरूले उच्चायुक्तको कार्यालयको वेबसाइटमा उपलब्ध पूर्ण रूपमा रीत पुऱ्याई भरिएको आवेदन फारम पेस गर्नुपर्छ।**

थप जानकारीका लागि **दासत्वको समकालीन स्वरूपसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक गुठी कोष**को जानकारी पत्र पनि हेर्नुहोस्।

## ४. "समुदायहरूलाई संयुक्त रूपमा सहायता गर्ने" (एसीटी) आयोजना

सन् १९९८ मा उच्चायुक्तको कार्यालय र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी)ले **"समुदायहरूलाई संयुक्त रूपमा सहायता गर्ने" (एसीटी)** आयोजना स्थापना गरे, जसले **स्थानीय समुदायहरूमा मानवअधिकार शिक्षा तथा प्रशिक्षणसम्बन्धी गतिविधिहरू** सञ्चालन गर्ने गैसस, स्थानीय सङ्गठन, शैक्षिक संस्था र पेसागत समूहजस्ता नागरिक समाजका पात्रहरूलाई साना अनुदान उपलब्ध गराउँछ। यी वर्षहरूमा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार शिक्षा दशक (१९९५-२००४) र मानवअधिकार शिक्षासम्बन्धी विश्व कार्यक्रम (२००५ देखि चलिरहेको)का सन्दर्भमा सञ्चालित गतिविधिहरूलाई सहयोग गर्नमा यसले संकेन्द्रण गरेको छ। सन् १९९८ यता उच्चायुक्तको कार्यालय र यूएनडीपीले ७३ भन्दा बढी देशका ८०० भन्दा बढी आयोजनाहरूलाई सहयोग गरेका छन्।

एसीटी आयोजनाको समग्र प्रशासनको समन्वय उच्चायुक्तको कार्यालयको मुख्यालयबाट गरिएको छ। प्रत्येक सहभागी देशमा यूएनडीपीको देशीय कार्यालयका कर्मचारी तथा उच्चायुक्तको कार्यालयको फिल्ड अफिस (लागू हुने ठाउँमा) एवं अन्य संयुक्त राष्ट्रसङ्घीय निकायहरू रहेको एउटा स्थानीय "एसीटी कार्यदल"ले आवेदन फारम वितरण गर्छ, अनुदान दिनुपर्ने गतिविधिको छनोट गर्छ र अनुदान प्राप्त गर्नेहरूसँग प्रत्यक्ष सम्पर्कमार्फत् गतिविधिहरूको कार्यान्वयनको अनुगमनका लागि पनि ऊ जिम्मेवार हुन्छ।

एसीटी आयोजनाले जनताको विशिष्ट अवस्थासँग सम्बद्ध हुने गरी व्यावहारिक रूपबाट मानवअधिकारको सम्मानमा सुधार ल्याउने उद्देश्यले समुदाय स्तरमा काम गर्न प्रोत्साहन गरेर तलदेखि माथि जाने पद्धति लिएको छ। एसीटी आयोजनाले मूलतः मानवअधिकार शिक्षा, तालिम तथा सार्वजनिक जानकारीका लागि स्थानीय क्षमता अभिवृद्धि गर्ने उद्देश्य लिएको छ। उदाहरणार्थ, यसले देहायका ठाउँमा लगानी गरेको छः

- शिक्षक, महिला, सामाजिक कार्यकर्ता, सार्वजनिक अधिकारी तथा आदिवासी जनजातिलगायतका विविध समूहहरूका लागि मानवअधिकारसम्बन्धी कार्यशाला तथा प्रशिक्षण कार्यक्रम;
- नाटक, कला प्रदर्शनी तथा साङ्गीतिक समारोहजस्ता साँस्कृतिक कार्यक्रममार्फत् मानवअधिकार सचेतना अभियानहरू;
- मानवअधिकारसम्बन्धी सामग्रीहरूको उत्पादन वा अनुवाद तथा सञ्चारमाध्यममार्फत् तिनको प्रचारप्रसार;
- मानवअधिकारको प्रवर्द्धन तथा संरक्षणका लागि सूचना केन्द्रको निर्माण;
- कैदी, यौनकर्मी, एचआईभी सङक्रमित व्यक्ति, अनाथ, आन्तरिक रूपमा विस्थापित व्यक्तिजस्ता विशिष्ट रूपमा जोखिममा रहेका समूहहरूका लागि शैक्षिक कार्यक्रमहरू;
- बालबालिका र युवाहरूका लागि विद्यालयमा प्रतियोगिता तथा मानवअधिकार युवा क्लबको स्थापनाजस्ता मानवअधिकारसम्बन्धी शैक्षिक गतिविधि।

## एसीटी आयोजनामा पहुँच कसरी पाउने

एसीटी आयोजनाले स्थानीय समुदायहरूमा मानवअधिकारसम्बन्धी शैक्षिक गतिविधिहरू सञ्चालन गर्ने गैसस, स्थानीय सङ्गठन, शैक्षिक संस्था र पेसागत समूहजस्ता नागरिक समाजलाई साना अनुदान उपलब्ध गराउँछ।

### आवेदनका लागि आवश्यक पर्ने कुराहरू

- आवेदक आफूले प्रस्ताव गरेको आयोजना सञ्चालन गर्ने संस्थागत क्षमता भएको नागरिक समाजको सङ्गठन वा संस्था हुनुपर्छ;
- प्रस्तावित आयोजना नवीन, अन्य ठाउँमा लागू गर्न सकिने र स्थानीय रूपमा अधिकतम दिगो प्रभाव दिने हुनुपर्छ;
- आयोजना छ महिनाभन्दा बढी र ५,००० अमेरिकी डलरभन्दा बढीको हुनुहुँदैन;
- आवेदनहरू राष्ट्रिय रूपमा तय गरिएका समयसीमाभित्र सहभागी राष्ट्रहरूका एसीटी आयोजनाका संयुक्त राष्ट्रसङ्घीय सम्पर्क व्यक्तिबाट वितरण र सङ्कलन गरिन्छ। अनुदान पाउनेहरूले यूएनडीपीको देशीय कार्यालय वा उच्चायुक्तको कार्यालयसँग अनुदान सम्झौता गर्छन्;
- आयोजनासम्बन्धी आवेदन र प्रतिवेदन अङ्ग्रेजी, फ्रान्सेली वा स्पेनेली भाषामा पेस गर्न सकिन्छ।

### एसीटी आयोजना लगानीका उदाहरणहरू

**मदागास्कर**मा एसीटी आयोजनाले अपाङ्गता भएका बालबालिकाको अधिकारमा केन्द्रित एउटा पहल – जसले कठपुतलीको प्रदर्शन गर्नाका साथै सम्बन्धित पुस्तिकाको तयारी र वितरण गरेको थियो – लाई सहयोग गर्‍यो। सो आयोजना १४ विद्यालयका ६,००० भन्दा बढी छात्रछात्रासम्म पुग्यो। विद्यालयका निर्देशकहरूले प्रत्येक वर्ष विद्यालय सुरु हुँदा सो कार्यक्रमलाई दोहोर्‍याउन सिफारिस गरेका छन्।

प्यालेस्टिनी अधीनस्थ क्षेत्रमा पर्ने दक्षिणी गाजापट्टीको रफाहस्थित दक्षिण महिला सञ्चार मञ्च विशेषगरी सञ्चारमाध्यममा काम गर्ने युवा महिलाहरूका लागि सन् २००५ मा स्थापना गरिएको हो। यसका संस्थापकहरूले सञ्चारमाध्यमद्वारा महिलाका अधिकार पर्याप्त मात्रामा सम्बोधन नगरिएको कुरालाई स्वीकार गर्दै आफ्ना पुरुष सहकर्मीहरूलाई भन्दा भेटघाट गर्न, सञ्जाल बनाउन तथा आफ्ना विचारहरू आदान प्रदान गर्न बढी कठिनाइ भोगिरहेका महिलाहरूलाई एउटा मञ्च प्रदान गर्नु जरुरी छ भन्ने ठाने। एसीटी अनुदानले दक्षिणी गाजापट्टीका १५ महिला पत्रकारलाई महिला अधिकारमा केन्द्रित मानवअधिकार प्रशिक्षण, मानवअधिकारमा केन्द्रित सञ्चारमाध्यममा कार्यरत महिलाका लागि विशेष म्यागजिन उत्पादन, तथा दक्षिणी गाजापट्टीका विभिन्न भागका महिलाहरूका लागि पाँचवटा कार्यशालालाई सहयोग गर्‍यो।

## एसीटी आयोजनामा कसरी सम्पर्क गर्ने

**ACT Project**
**Office of the United Nations High Commissioner for Human Rights**
Palais des Nations
8–14, avenue de la Paix
CH–1211 Geneva 10 - Switzerland
फ्याक्स: +४१ (०)२२ ९२८ ९० ६१
इमेल: **ACTProject@ohchr.org**

**थप जानकारीका लागि उच्चायुक्तको कार्यालयको वेबसाइटमा रहेको आयोजनाको पहिलो तथा दोस्रो चरणका लागि एसीटी आयोजना, "समुदायहरूलाई संयुक्त रूपमा सहायता" को जानकारीपत्र हेर्नुहोस्**

### ५. संयुक्त राष्ट्रसङ्घीय लोकतन्त्र कोष

सन् २००५ को विश्व शिखर सम्मेलनको परिणामस्वरूप सन् २००५ को जुलाईमा संयुक्त राष्ट्रसङ्घीय लोकतन्त्र कोष (यूएनडीईएफ) स्थापना गरियो। यसको प्राथमिक उद्देश्य सम्बद्ध संयुक्त राष्ट्रसङ्घीय विभाग, कार्यालय, कोष, कार्यक्रम तथा निकायलगायत सरकारी, गैरसरकारी, राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूलाई सहायता प्रदान गरी विश्वभरी लोकतन्त्रीकरणलाई सहयोग पुऱ्याउनु हो। यूएनडीईएफले लोकतान्त्रिक संस्थाहरूको निर्माण तथा सबलीकरण गर्ने, मानवअधिकारको प्रवर्द्धन गर्ने र लोकतान्त्रिक प्रक्रियामा सबै वर्गको सहभागिता सुनिश्चित गर्ने आयोजनाहरूमा लगानी गर्दछ। वाञ्छनीय गतिविधिहरूमा देहायका बुँदाहरू पर्दछन्:

- संवैधानिक प्रक्रियाका निम्ति लोकतान्त्रिक संवाद र सहयोग;
- नागरिक समाजको सशक्तिकरण;
- नागरिक शिक्षा, मतदाता दर्ता तथा राजनीतिक दलहरूको सबलीकरण;
- सूचनामा नागरिकको पहुँच;
- मानवअधिकार तथा मौलिक स्वतन्त्रताहरू; र
- जवाफदेहीता, पारदर्शीता तथा इमानदारिता।

यूएनडीईएफको सञ्चालन न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय मुख्यालयमा रहेको **साझेदारीका निम्ति संयुक्त राष्ट्रसङ्घीय कार्यालयद्वारा** गरिन्छ। नीतिगत निर्देशन प्रदान गर्न र महासचिवबाट स्वीकृतिका लागि लगानीको प्रस्तावबारे सिफारिस गर्न १९ सदस्यीय सल्लाहकार बोर्डको स्थापना गरिएको छ। सल्लाहकार बोर्डमा सदस्य राष्ट्र,अन्तर्राष्ट्रिय गैसस तथा महासचिवका निजी प्रतिनिधिहरू हुन्छन्। सन् २००६ मा आयोजना छनोट र रकम वितरणको पहिलो चरणमा तत्कालीन महासचिव कोफी अन्नानले ३ करोड ६० लाख अमेरिकी डलर पर्ने सबै क्षेत्र ओगट्ने १२५ आयोजनालाई स्वीकृति दिएका थिए।

यूएनडीईएफले राष्ट्रिय मानवअधिकार संस्थाहरू (एनएचआरआई) लगायत विभिन्न प्रकारका लोकतान्त्रिक तथा शासकीय पात्रहरूबाट आयोजनामा लगानीका निम्ति आवेदन प्राप्त गर्न सक्दछ तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस, अनुदान तथा नीतिगत संस्था र पेसागत सङ्घहरू जस्ता नागरिक समाज सङ्गठनमाथि विशेषरूपले सङ्केन्द्रण गरिनेछ।

यूएनडीईएफको लगानी हुने आयोजनाहरूले पूरा गर्नुपर्ने केही आवश्यकताहरू निम्नानुसार छन्:

- आयोजनाहरूलाई सामान्यतया दुई वर्षको अवधिभित्र कार्यान्वयन गर्नुपर्दछ;
- सिद्धान्ततः कुनै पनि आयोजनाका लागि दिइने अनुदान ५ लाख अमेरिकी डलरभन्दा बढी हुँदैन र सामान्यतया न्यूनतम ५० हजार अमेरिकी डलरको हुन्छ;
- सबै देशहरूका साथै क्षेत्रीय तथा विश्वव्यापी पहलबाट प्राप्त आवेदनहरूमाथि विचार गरिन्छ; र
- द्वन्द्वबाट पार पाइरहेका देश, नयाँ तथा पुनर्स्थापित लोकतन्त्र, अतिकम विकसित देश र न्यून तथा मध्यम आय भएका देशहरूजस्ता लोकतन्त्रमा रहेका कठिनाईहरू बढी गम्भीर तथा व्यापक भएका देश तथा क्षेत्रका आवेदकहरूलाई ग्राह्यता दिइनेछ।

यूएनडीईएफले लोकतन्त्रको प्रवर्द्धन गर्ने तथा, उदाहरणार्थ, नागरिक समाज र सरकारी निकायहरूबीचको सम्बन्ध र समाजका सीमान्तकृत समुदाय तथा जोखिममा रहेका समूहहरूको समावेशीकरण तथा सहभागितालाई सबल बनाउने वा दक्षिण-दक्षिण सहयोगमा वृद्धि गर्ने उद्देश्य राखेको छ।

### यूएनडीईएफमा कसरी आवेदन दिने

यूएनडीईएफको लगानीका लागि आवेदन दिन चाहने सङ्गठनहरूले यसको वेबसाइट हेर्नुपर्दछ जहाँ उनीहरूलाई अनलाईन प्रस्ताव पूरा गर्न प्रोत्साहन गरिनेछ र यो अङ्ग्रेजी वा फ्रान्सेली भाषामा भर्न सकिनेछ। कोषले इ-मेल, हुलाक, फ्याक्स्, हातबाट वा कुरियर वा अन्य कुनै माध्यमबाट पेस गरिएका प्रस्तावहरू स्वीकार गर्न्ने छैन।

### यूएनडीईएफमा कसरी सम्पर्क गर्ने

United Nations Democracy Fund (UNDEF)
**United Nations**
1 UN Plaza, Room DC1-1330
New York, NY 10017
United States of America
फोन: +१ ९१७ ३६७ ४२ १० वा +१ ९१७ ३६७ ८० ६२
फ्याक्स: +१ २१२ ९६३ १४ ८६
इमेल: democracyfund@un.org

**थप जानकारीका लागि यूएनडीईएफको वेबसाइट हेर्नुहोस्।**

## ६. अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष

**अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोष** अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष १९८१ को तयारीका सम्बन्धमा महासभाको प्रस्ताव ३२/१३३ बमोजिम स्थापना गरिएको थियो। महासभाले त्यसयता यो कोष कायम रहनुपर्दछ भनी निर्णय गरेको छ र यसले अहिले **अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि**को कार्यान्वयनमा भाग लिन नागरिक समाजका सङ्गठनहरूको क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएका गतिविधिहरूलाई सहयोग गर्न साना अनुदान प्रदान गर्दछ।

यस कोषले देहायका कार्यका निम्ति नवीन तथा उत्प्रेरक गतिविधिमा सहयोग पुऱ्याउन साना अनुदान प्रदान गर्दछ:

- महासन्धि तथा अपाङ्गतासम्बन्धी मुद्दाहरूबारे अझ बढी चेतना प्रवर्द्धन गर्न तथा महासन्धिको कार्यान्वयनमा सहयोग पुऱ्याउन;
- ज्ञान तथा अनुभवको आदानप्रदान एवं समावेशी तथा पहुँचयोग्य नीति तथा अभ्यासहरूको प्रचारप्रसार हुन दिन;
- विकासको कार्यसूचीमा अपाङ्गताको मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्न; र
- विकासोन्मुख देशका अपाङ्गता भएका व्यक्तिहरूको जीविका तथा तिनको कल्याणमा सुधार ल्याउन तथा महासन्धिलाई कार्यान्वयन गर्न सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्न (सरोकारवालामा अपाङ्गता भएका व्यक्तिहरूका सङ्गठन, नागरिक समाजका अन्य सङ्गठन, सरकार, निजी क्षेत्रका सङ्गठन र अन्तर्राष्ट्रिय विकास दाताहरू पर्न सक्छन्)।

यस कोषको सञ्चालन न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय मुख्यालयमा रहेको **आर्थिक तथा सामाजिक मामिला विभाग**द्वारा गरिन्छ।

### अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोषमा कसरी पहुँच प्राप्त गर्ने

सन् १९८१ मा स्थापना भएयता यस कोषले विकासोन्मुख देशमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको जीविकोपार्जन तथा तिनको कल्याणमा सुधार ल्याउन राष्ट्रिय तथा संस्थागत क्षमता अभिवृद्धि गर्ने लक्ष्य लिएका गतिविधिमा सहयोग पुऱ्याएको छ। यसले तालिम, सञ्चार सहयोग तथा सार्वजनिक जानकारी जस्ता गतिविधिहरू सञ्चालन गरेर अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धिबारे चेतना जगाउने कार्यमा पनि सहयोग पुऱ्याएको छ। नागरिक समाजका सङ्गठन तथा सरकारहरू दुबैका लागि रकम उपलब्ध गराइन्छ तर व्यक्तिहरूलाई रकम उपलब्ध गराइँदैन।

आयोजनाका निम्ति प्रस्तावहरू वर्षभरि नै स्वीकार गरिन्छन्। कोषमा सहायताका निम्ति अनुरोध पेस गर्नुअघि नागरिक समाजका इच्छुक सङ्गठनहरूले पहिला सम्बद्ध सरकारी अधिकारीबाट सहमति/स्वीकृति पत्र प्राप्त गर्नुपर्दछ। नागरिक समाजका सङ्गठनले त्यस्तो पत्र प्राप्त गर्ने प्रक्रियाबारे स्थानीय यूएनडीपी कार्यालयसँग सम्पर्क गर्न सक्नेछन्।

## अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घीय स्वैच्छिक कोषमा कसरी आवेदन दिने

सहायताका लागि आवेदन पेस गर्दा प्रयोगका निम्ति आयोजना प्रस्तावको टेम्प्लेट उपलब्ध छ। आवश्यक सबै जानकारी समावेश भएमा अन्य ढाँचामा रहेका आयोजना प्रस्ताव पनि स्वीकारिने छ। प्रस्तावहरू अङ्ग्रेजी, फ्रेन्च वा स्पेनेलीस भाषामा पेस गर्न सकिनेछ। आयोजना प्रस्तावको टेम्प्लेट **United Nations Enable website** मा उपलब्ध छ।

प्रस्तावहरू ई-मेल, फ्याक्स वा हुलाकबाट देहायको ठेगानामा पठाउनु पर्छ (इ-मेलबाट पेस गरिएका आवेदनहरूलाई ग्राह्यता दिइन्छ):

**Secretariat for the Convention on the Rights of Persons with Disabilities**
**Department for Economic and Social Affairs**
**United Nations**
Two UN Plaza, DC2-1372
New York, NY 10017
United States of America
फ्याक्स: +१ २१२ ९६३ ०१ ११
इमेल: enable@un.org

**कोष, अपाङ्गता भएका व्यक्तिका अधिकारसम्बन्धी महासन्धि तथा अपाङ्गतासम्बन्धी संयुक्त राष्ट्रसङ्घको कार्यबारे थप जानकारीका निम्ति United Nations Enable website हेर्नुहोस्।**

2007 REPORT ON ACTIVITIES AND RESULTS
Office of the High Commissioner for Human Rights

Palais des Nations
CH 1211 Geneva 10 – Switzerland
Telephone: +41.22.917 90 00
Fax : +41.22.917 90 08
www.ohchr.org